बालमैत्री पद्धति र व्यवहारः समृद्ध चुलाचुलीको आधार

# चुलाचुली गाउँपालिकाको
# स्थानीय बाल स्थिति प्रतिवेदन
# २०८३




**चुलाचुली गाउँपालिका**
**गाउँ बाल अधिकार समिति**
**कोसी प्रदेश**
**नेपाल**

चुलाचुली गाउँपालिकाको स्थानीय बाल स्थिति प्रतिवेदन २०८३

प्रकाशक

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली,ईलाम

प्रतिः
प्रकाशन मितिः २०८३ श्रावण
सर्वाधिकारः गाउँस्तरीय बालअधिकार समिति, चुलाचुली गाउँपालिका

**संरक्षक**
श्री राजेन्द्र केरुङ
अध्यक्ष
चुलाचुली गाउँपालिका

**सल्लाहकार**
श्री दिलकुमारी योङहाङ, उपाध्यक्ष, चुलाचुली गाउँपालिका
श्री  राज कुमार शाक्य प्रमुख प्रशासकिय अधिकृत, चुलाचुली गाउँपालिका

**लेखन**
**रीता पोख्रेल, बालकल्याण अधिकारी**

**विशेष सहयोगी**
शिक्षा युवा तथा खेलकुद शाखा
स्वास्थ्य शाखा
पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा
सूचना प्रविधि शाखा
अपाङ्गता सहयाता कक्ष

## शुभकाना मन्तव्य

"बालमैत्री पद्धति र व्यवहार: समृद्ध चुलाचुलीको आधार" भन्ने मूल सङ्कल्पसहित बाल अधिकार संरक्षण सम्वर्धनमा क्रयाशील रहेको यस पालिकामा बाल अधिकार समितिमार्फत् आर्थिक वर्ष २०८२/८३ को "स्थानीय बाल स्थिति प्रतिवेदन" को यो तेस्रो संस्करण यहाँहरू समक्ष प्रस्तुत भएकोमा अत्यन्त खुसी लागेको छ। वि.सं. २०८१ सालदेखि सुरु भएको यो रूपान्तरणकारी प्रयासले बालबालिकाप्रतिको हाम्रो निरन्तर जबाफदेहिता र प्रतिबद्धतालाई थप मजबुत बनाएको पुष्टि गर्दछ।

ऐतिहासिक रूपमा हेर्दा, नेपालले सन् १९९० मा संयुक्त राष्ट्रसङ्घको बाल अधिकार सम्बन्धी महासन्धि (UNCRC) लाई अनुमोदन गरेपछि बाल अधिकारको क्षेत्रमा कानुनी र संरचनागत फड्को मारेको छ। नेपालको संविधानको धारा ३९ ले बाल अधिकारलाई मौलिक हकको रूपमा ग्यारेन्टी गरेको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ ले यसलाई कार्यान्वयन गर्ने कानुनी जग बसालेको छ। विगतमा बालबालिकालाई केवल संरक्षणको पात्रका रूपमा हेरिने परम्परागत दृष्टिकोण बदलिएर हिजोआज उनीहरूलाई अधिकारका हिस्सेदार र अर्थपूर्ण साझेदारका रूपमा स्वीकार गरिने आधुनिक चेतनाको विकास भएको छ।

यही राष्ट्रिय चेतनालाई आत्मसात् गर्दै हाम्रो गाउँपालिकाले पनि ठोस कदम चालेको छ। मलाई यो साझ गर्न पाउँदा गर्व लाग्छ कि हाम्रा ६ वटा वडामध्ये २ वटा वडा पूर्ण रूपमा बालमैत्री घोषणा भइसकेका छन् भने १ वटा वडा घोषणाको अन्तिम तयारी (क्रममा) मा छ। बाँकी रहेका ३ वटा वडाहरूमा पनि चाँडै बालमैत्री सूचकहरू पुरा गरी समग्र चुलाचुली गाउँपालिकालाई नै बालमैत्री स्थानीय शासन घोषणा गर्ने हाम्रो मूल राजनीतिक लक्ष्य हो र हामी प्रतिविद्ध छौं कि चुलाचुलीका कुनै पनि बालबालिका शिक्षा, स्वास्थ्य, र संरक्षणको मौलिक हकबाट वञ्चित हुनुपर्ने छैन। आगामी दिनमा योजना र बजेट तर्जुमा गर्दा यस प्रतिवेदनका निष्कर्षहरूलाई मुख्य आधार बनाइने प्रतिबद्धता व्यक्त गर्दछु।

साथै यो स्थिति पत्र प्रकाशनका निम्ति खटिनुहुने बाल अधिकार समितिको सिङ्गो टिमसहित सम्बद्ध सबैमा हार्दिक धन्यवाद दिदैँ बाल अधिकार संरक्षण र सम्बर्धनका क्षेत्रमा आ आफ्नो जिम्मेवारी अनुसार अझ मजबुत र सिर्जनात्मक ढंगबाट कार्य सञ्चालन गर्ने दिशामा सबै पक्ष अभिप्रेरित हुनुहुनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

राजेन्द्र केरुङ
गाउँपालिका अध्यक्ष

## बालसंरक्षणका क्षेत्रमा हाम्रो यात्रा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बाध्यात्मक कानुनी व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्रै प्रकाशन गर्नुपर्ने प्रावधान अनुरूप चुलाचुली गाउँपालिकाको यो तेस्रो  स्थानीय बाल"स्थिति प्रतिवेदनसार्वजनिक गर्न  " पाउँदा स्थानीय बाल अधिकार समितिको संयोजकको हैसियतले मलाई गौरवको अनुभूति भएको छ।

पालिकामा बाल अधिकारको संस्थागत विकासका लागि हामीले 'बाल संरक्षण नीति, २०७५' र 'बाल संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०७५' निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं यी नीतिगत व्यवस्थाहरूले पालिकाभित्र बालअधिकार संरक्षणका कामहरूलाई कानुनी रूपमा व्यवस्थित र मार्गनिर्देशन गरिरहेका छन्।

स्थानीय बाल अधिकार समितिले केवल तथ्याङ्क सङ्कलन मात्र गरेको छैन, बरु पालिकाभित्रका सबैभन्दा जोखिममा रहेका बालबालिकाहरूको संरक्षणका लागि विशेष अभियान नै सञ्चालन गरिरहेको छ। विशेष गरी अभिभावकविहीन बालबालिकाहरू, विभिन्न स्वरूपका दुर्व्यवहारमा परेका बच्चाहरू, र बालश्रममा संलग्न रहेका बालबालिकाहरू लाई हाम्रो विशेष फोकस मा राखी उद्धार (प्राथमिकता), पुनःस्थापना र संरक्षणका कार्यहरू भइरहेका छन्।

हाम्रो पालिकाको मूल नारा "बालमैत्री पद्धति र व्यवहार"समृद्ध चुलाचुलीको आधार : लाई व्यवहारमा उतार्न हाम्रा २ वटा वडाहरू बालमैत्री घोषणा भइसकेका छन् र १ वटा हुने क्रममा छ। बाँकी ३ वटा वडामा पनि बालमैत्री व्यवहार र पद्धति सुरु गरी सबै बालबालिकाको सुरक्षित भविष्य सुनिश्चित गर्न हामी दत्तचित्त भएर लागिरहेका छौँ। यो यात्रामा आम चुलाचुली बासीको साथ प्राप्त भएको छ र निरन्तर भइरहने विश्वासका साथ बालमैत्री पद्धितिलाई संस्थागत गरी व्यवहारतः कार्यान्वयन गर्ने कुरामा गाउँपालिका उपाध्यक्ष तथा बाल अधिकार समिति संयोजकको रुपमा आफू प्रतिबद्ध रहँदै सोही प्रतिबद्धतामा अढिग रहन आम चुलाचुली बासी बालबालिकासंस्था तथा  ,यहाँका सबै व्यक्ति ,बालबालिकाका अभिभावकहरु ,  निकायलाई आह्वान समेत गर्दछु। अन्त्यमाप्रतिवेदनलाई समयमै मूर्त रूप दिन खटिनुहुने बालकल्याण अधिकारी ,बाल अधिकार समितिका पदाधिकारी सम्पूर्ण जनप्रतिनिधि तथा कर्चारीहरूसहित ,पालिका तथा वडा कार्यालय ,सम्पूर्ण सहयोगी हातहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

धन्यवाद।

दिल कुमारी लिम्बु (योङहाकङ)
उपाध्यक्ष  संयोजक /
गाउँ बाल अधिकार समिति

## शुभकामना

बालबालिकाको अवस्था, अधिकारको कार्यान्वयन र उनीहरूले भोगिरहेका अवसर तथा चुनौतीहरूको वस्तुगत चित्र प्रस्तुत गर्ने महत्वपूर्ण आधार दस्तावेजका रूपमा *'स्थानीय बाल स्थिति प्रतिवेदन (तेस्रो संस्करण)'* प्रकाशनमा आउनु चुलाचुली गाउँपालिकाका लागि महत्वपूर्ण उपलब्धि हो । यसले बालबालिकासम्बन्धी नीति, योजना, बजेट र कार्यक्रमलाई तथ्यमा आधारित र परिणाममुखी बनाउन मार्गदर्शन गर्नेछ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहलाई बालबालिकाको स्थिति सम्बन्धी विवरण संकलन तथा प्रतिवेदन सार्वजनिक गर्ने दायित्व तोकेको छ। सोही दायित्वअनुरूप निर्धारित समयमै प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु गाउँपालिकाको प्रशासनिक उत्तरदायित्व र संस्थागत प्रतिबद्धताको प्रमाण हो । हाल ६ वडामध्ये २ वडा बालमैत्री घोषणा भइसकेका र १ वडा घोषणाको प्रक्रियामा रहेको अवस्थामा बाँकी वडाहरूलाई समेत बालमैत्री बनाउने अभियानलाई यस प्रतिवेदनका तथ्याङ्कले पक्कै थप दिशा निर्देश गर्ने छ भन्ने विश्वास लिएको छु । प्रतिवेदनमार्फत् पालिकाको बालबालिकाको अवस्थालाई हेर्दा विशेषतः जोखिममा रहेका, अभिभावकविहीन, दुर्व्यवहारमा परेका तथा श्रममा संलग्न बालबालिकाको पहिचान, संरक्षण र पुनःस्थापनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ । जसका लागि प्रशासनिक रुपमा गर्नु पर्ने सबै कामका लि पालिका प्रशासनकोतर्फबाट प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

बाल यौन दुर्व्यवहार तथा बालबालिकामाथि हुने हिंसाका घटना न्यूनीकरण गर्दै सुरक्षित वातावरण, प्रभावकारी संरक्षण र अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो । बालमैत्री स्थानीय शासनलाई व्यवहारमै स्थापित गर्ने यस अभियानमा सबै सरोकारवालाको निरन्तर सहकार्य र सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

अन्त्यमा ,यस प्रतिवेदन तयारी र प्रकाशन गर्ने बाल अधिकार समिति तथा बालकल्याण अधिकारी ,प्रकाशनमा सहयोग योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, वडा कार्यालय, विद्यालय, बाल अधिकार समिति तथा सहयोगी संघसंस्था तथा निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै हाम्रा सबै बालबालिकाहरूको समुन्नत भविष्यको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत
चुलाचुली गाउँपालिका

चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
कोसी. प्रदेश, नेपाल

## स्थानीय बाल स्थिति प्रतिवेदनका सम्बन्धमा

बालबालिकाको अवस्था बुझ्न तथ्याङ्क हेर्नु पर्ने हुन्छ, तर तथ्याङ्कको पछाडि लुकेको जीवन बुझ्न अझ गहिरो दृष्टि आवश्यक पर्दछ। यही दृष्टिसहित चुलाचुली गाउँपालिकाको 'स्थानीय बाल स्थिति प्रतिवेदन (२०८३) तयार गरी प्रस्तुत गर्न पाउँदा आफ्नो जिम्मेवारी पूरा गरेको सुखानुभूति भएको छ।

बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९१ (३) बमोजिम स्थानीय बाल अधिकारको अवस्था समेटिएको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष सार्वजनिक गर्नुपर्ने व्यवस्थाअनुरूप तयार गरिएको यस प्रतिवेदनले आगामी नीति , योजना, बजेट र कार्यक्रमलाई अनुमान होइन, प्रमाण र आवश्यकताका आधारमा निर्देशित गर्ने विश्वास लिएको छु। चुलाचुली गाउँपालिकाको सन्दर्भमा अभिभावकविहीन बालबालिकाको जटिल अवस्था, एकल अभिभावक भएका विपन्न बालबालिकाको जोखिम, बाल संरक्षण संरचनाहरूको अपेक्षित सक्रियताको अभाव र वडा नंको भौगोलिक ६ . कठिनाइले बाल संरक्षण अझै हाम्रो प्राथमिकताको विषय बन्नुपर्नेतस्वीर स्पष्ट छ। गाउँपालिकाले अभिभावकविहीन बालबालिकाका लागि हालसम्म गर्दै आएको प्रयास सकारात्मक भए पनि सीमित स्रोत र बजेटका अभावका कारण आवश्यकताको तुलनामा प्रयास अझै अपुग छन् भन्ने तथ्याङ्कले देखाउँछ। यसर्थ तथ्याङ्कले देखाएका यी अन्तरहरू नै अबका कार्यक्रम र लगानीका प्राथमिकता बन्नु पर्दछ । जसका लागि हाम्रा संरचनाहरूलाई थप क्रियाशील बनाउँदै कुनै पनि बालबालिका संरक्षण, अवसर र अधिकारको पहुँचबाट छुट्न नदिने दिशामा हाम्रो प्रयास केन्द्रित हुनुपर्दछ। यसका निम्ति बालकल्याण अधिकारीको रूपमा निर्वाह गर्नु पर्ने भूमिकामा म सधैँ प्रतिबद्ध छु र थप रचनात्मक ढङ्गबाट कार्य सम्पादन गर्नका लागि समेत प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा जिम्मेवारी प्रदान गरी निरन्तर सहजीकरण गर्नुहुने बाल अधिकार समितिलाई विशेष आभार व्यक्त गर्दछु। प्रतिवेदन प्रकाशनका लागि आवश्यक तथ्याङ्क, सूचना र विवरण उपलब्ध गराउनुहुने सम्पूर्ण शाखा तथा शाखा प्रमुखज्यूहरू, वडा कार्यालय तथा वडा सचिवज्यूहरू, प्रतिवेदन तयारीमा मार्गदर्शन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू जनप्रतिनिधिज्यूहरू, बालबालिकाका विषयमा काम गर्न निरन्त झक्झक्याइरहने राष्ट्रिय बाल अधिकार प्रदेश समन्वय केन्द्र, कोसी प्रदेश तथा अन्य सरोकारवाला सङ्घ संस्थाहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दै तथ्याङ्कले समस्या देखाउँछ, नीति र प्रतिबद्धताले समाधानको बाटो खोल्छ र त्यही बाटोमा हाम्रो यात्रा निरन्त रह्यो भने गन्तव्यमा पुगिनेछ। भन्ने विश्वासका साथ हामी निरन्तर कृयाशील छौँ र हामीसँगै बालमैत्री पद्धति र व्यहारः समृद्ध चुलाचुलीको आधार भन्ने नारालाई सार्थक बनाउनेतर्फ आम चुलाचुलीबासी समेत लागिरहनुहुनेछ भन्ने विश्वासका साथ चुलाचुलीको सुन्दर भविष्यका आधारशीला हाम्रा बालबालिकाहरूको उत्तरोत्तर प्रगति एवम् समृद्ध बालापनको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

.......................................
रीता पोख्रेल
बालकल्याण अधिकारी
चुलाचुली गाउँपालिका

**बालबालिकाको स्थिति प्रतिवेदन, २०८३**

**विषयसूची**


**शीर्षक** **पृष्ठ नं.**

**परिच्छेद १ : परिचय** ........ **१-३**

१.१ जिल्लाको परिचय ........ १

१.२ चुलाचुली गाउँपालिकाको परिचय ........ २

१.३ स्थिति प्रतिवेदनको पृष्ठभूमि ........ ३

१.४ स्थिति प्रतिवेदन तयार गर्नुको उद्देश्य ........ ३

१.५ स्थिति प्रतिवेदन तयार गर्न अपनाइएका विधिहरू ........ ३

१.६ प्रतिवेदनमा समेटिएका विषयहरू ........ ३

**परिच्छेद २ : बालबालिका सम्बन्धी नीतिगत व्यवस्था** ........ **४-६**

२.१ नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था ........ ४

२.२ बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित केही ऐनहरू ........ ४-५

२.३ बालबालिका सम्बन्धी नीति, कार्ययोजना तथा कार्यक्रम ........ ५-६

**परिच्छेद ३ : क्षेत्रगत सूचना विश्लेषण** ........ **७-३३**

३.१ गाउँपालिकाको आधारभूत तथ्याङ्क ........ ७

३.१.१ जनसङ्ख्यात्मक अवस्था ........ ७

३.१.२ गाउँपालिकाको जातिगत तथा धार्मिक रूपमा समाविष्ट घरधुरीको अवस्था ........ ८

३.१.३ गाउँपालिकाको बालबालिका सम्बन्धी जनसङ्ख्या ........ ८

३.२ बाल बचाऊ (Child Survival) ........ ९

३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परीक्षण ........ ९

३.२.२ सुरक्षित सुत्केरी ........ ९

३.२.३ सुत्केरीपश्चात् स्वास्थ्य परीक्षणको अवस्था ........ ९

३.२.४ बच्चा जन्मेको ६ महिनासम्म आमाको मात्र दूध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था. १०

३.२.५ खोपको अवस्था ........ १०

३.२.६ ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाएको अवस्था१०

३.२.७ गर्भवती महिलाले मापदण्डअनुसार टिडी खोप र आइरन चक्की लिएको/नलिएको अवस्था..... ११
३.२.८ एच.आई.भी. सम्बन्धी विवरण ........ ११
३.२.९ बालबालिकाको कुपोषण सम्बन्धी अवस्था ........ ११
३.२.१० प्राथमिक स्वास्थ्य केन्द्रसम्म पहुँचको अवस्था ........ ११
३.२.११ स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्बन्धी मानवीय स्रोतको अवस्था ........ १२
३.२.१२ शौचालय र सरसफाइ सम्बन्धी व्यवस्था ........ १२-१३
३.३ बालसंरक्षण ........ १३
३.३.१ जन्मदर्ता सम्बन्धी अवस्था ........ १४
३.३.२ बालविवाहको अवस्था ........ १५
३.३.३ बालश्रम सम्बन्धी अवस्था ........ १५
३.३.४ बालबालिकामाथि भएको दुर्व्यवहार तथा हिंसाको अवस्था ........ १५
३.३.५ सडक आश्रित बालकको संरक्षण ........ १६
३.३.६ बालबालिकाहरूको संरक्षणको अवस्था ........ १६
३.३.७ बालबालिका घरमुली भएको अवस्था ........ १६
३.३.८ अपाङ्गता भएका बालबालिकाको विवरण ........ १७-१८
३.३.९ गाउँपालिकामा समुदायमा आधारित बालसंरक्षण प्रणालीबाट संरक्षित बालबालिका ........ १९
३.३.१० गाउँपालिकामा प्रहरी कार्यालयको अवस्था ........ २०
३.३.११ सामाजिक सुरक्षामा बालबालिका ........ २०
३.४ बालविकास ........ २०
३.४.१ प्रारम्भिक बाल विकास ........ २१
३.४.२ प्रारम्भिक बालविकास (ECED) को अवस्था ........ २१
३.४.३ विद्यालय र विद्यार्थीको अवस्था ........ २३
३.४.४ विशेष शिक्षा सम्बन्धी व्यवस्था ........ २५
३.४.५ गाउँपालिकाको साक्षरता सम्बन्धी अवस्था ........ २६
३.४.६ विद्यालयमा शिक्षकको अवस्था र शिक्षक–विद्यार्थी अनुपात ........ २७
३.४.७ विद्यालय पुग्ने औसत समय ........ २७
३.४.८ विद्यालयको भौतिक पूर्वाधारको अवस्था ........ २७
३.४.९ विद्यालयको विवरण र जनशक्तिको अवस्था ........ २९

३.५ बालसहभागिता ..... ३०

३.५.१ चुलाचुली गाउँपालिकामा बालक्लबको अवस्था ..... ३१

३.५.२ बालक्लबमा बालबालिकाहरूको सहभागिताको अवस्था ..... ३१

३.५.३ गाउँपालिकास्तरमा बालबालिकाको सहभागिताको अवस्था ..... ३२

**परिच्छेद ४ : संस्थागत प्रबन्ध ..... ३४-४२**

४.१ गाउँपालिकाबाट बालबालिकाको विषयमा गरिएका नीतिगत प्रबन्धहरू ..... ३४

४.२ आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा बालबालिकाको विषय ..... ३४

४.३ संरचनागत प्रबन्ध ..... ३५

४.३.१ बालमैत्री स्थानीय शासन गाउँ समितिको गठन ..... ३५

४.३.२ बालमैत्री स्थानीय शासन गाउँ समिति ..... ३५

४.३.३ बालमैत्री फोकल पर्सन र बाल कल्याण एकाइको व्यवस्था ..... ३७

४.३.४ गाउँपालिकामा सूचीकृत बालमनोविज्ञ र समाजसेवीको विवरण ..... ३७

४.३.५ बालकोषको व्यवस्था ..... ३७

४.३.६ बालमैत्री आचारसंहिता ..... ३८

**परिच्छेद ५ : निष्कर्ष ..... ४३-४४**

निष्कर्ष ..... ४३

**सन्दर्भ सामग्रीहरू ..... ४५**

# परिच्छेद १

## १.१. जिल्लाको परिचय

मुलुकको पछिल्लो राजनैतिक विभाजन अनुसार कोशी प्रदेश (साविक प्रदेश नं. १) मा पर्ने १४ जिल्लामध्ये इलाम एक हो । मुलुकको सुदूरपूर्वमा १७०३ वर्ग किलोमिटर क्षेत्र ओगटेको पहाडी जिल्ला इलामको उत्तरमा पाँचथर, दक्षिणमा झापा, पश्चिममा मोरङ र पाँचथर तथा पूर्वमा भारतको पश्चिम बङ्गाल पर्दछ ।

नेपालको पूर्वी भागमा अवस्थित प्राकृतिक सौन्दर्य, हरियाली, चिया बगान, जैविक विविधता तथा सांस्कृतिक सम्पदाले सम्पन्न एक महत्त्वपूर्ण पहाडी जिल्ला इलामको पुरानो नाम खलङ्गा रहेको उल्लेख केही प्राचीन अभिलेखहरूमा पाइन्छ। तर "इलाम" नाम कसरी रहन गयो भन्ने विषयमा एउटै प्रमाणित मत नभई विभिन्न ऐतिहासिक, भाषिक र जनश्रुतिमा आधारित धारणाहरू पाइन्छन् । सबैभन्दा प्रचलित मतअनुसार "इलाम" शब्द लिम्बु भाषाबाट आएको हो भनिएको छ । लिम्बु भाषामा "इ" को अर्थ *घुमाउरो* र "लाम" को अर्थ *बाटो* *हुन्छ* । इलामको भौगोलिक बनावट डाँडाकाँडा, उकालो–ओरालो र घुमाउरा बाटाले भरिएको भएकाले यस क्षेत्रलाई "घुमाउरो बाटो भएको ठाउँ" भन्ने अर्थमा इलाम भनिएको विश्वास गरिन्छ । अर्को मतअनुसार लेप्चा (रोङ) भाषाको "इलोम" शब्दबाट इलाम नाम रहन गएको हो भन्ने गरिन्छ । लेप्चा भाषामा "इलोम" को अर्थ *पुत्का (एक प्रकारको मौरी) उड्ने वा बस्ने स्थान* भन्ने बुझिन्छ । यस क्षेत्रमा पहिले प्रशस्त मौरी पाइने भएकाले इलोम भनिएको र अपभ्रम्स हुँदै इलाम नाम रहन गएको भनाइ छ । केही ऐतिहासिक लेखहरूमा भने प्राचीन पर्सियाको इलाम सभ्यतासँग सम्बन्धित मानिसहरू पूर्वतिर बसाइँ सरेर यहाँ आएपछि आफ्नो जन्मभूमिको सम्मानमा यस स्थानको नाम इलाम राखेको भन्ने जनश्रुति पनि उल्लेख गरिएको छ ।

समुद्री सतहबाट करिब ३०० मिटरदेखि ३,६३७ मिटर सम्मको उचाइमा फैलिएको इलाममा तराईदेखि उच्च पहाडसम्मका विभिन्न प्रकारका हावापानी पाइन्छन् । यही विविधताका कारण यो जिल्ला जैविक विविधता पनि अत्यन्त समृद्ध रहेको छ ।

इलामलाई नेपालको चियाको राजधानी भनेर पनि चिनिन्छ । त्यस्तै गरी प्राकृतिक रूपमा रमणीय यस जिल्लालाई 'पूर्वी पहाडकी रानी' तथा ८ 'अ' (अलैँची, अदुवा, अर्थोडक्स चिया, अकबरे खुर्सानी, ओलन/दूध, अम्लिसो, आलु र आतिथ्य सत्कार) को जिल्लाका रूपमा पनि चिनिन्छ । यहाँ उत्पादन हुने अर्थोडक्स चिया विश्वबजारसम्म निर्यात हुन्छ । प्राकृतिक सम्पदाले भरिपूर्ण यस जिल्लामा कन्याम, श्रीअन्तु, माईपोखरी, सन्दकपुर, फिक्कल, टोड्के लगायतका रमणीय पर्यटकीय स्थलहरू रहेका छन्, जसले आन्तरिक तथा बाह्य पर्यटकलाई वर्षभरि आकर्षित गर्दछन् ।

सांस्कृतिक दृष्टिले पनि इलाम अत्यन्त समृद्ध जिल्ला हो । यहाँ लिम्बु, राई, लेप्चा, गुरुङ, मगर, नेवार, ब्राह्मण, क्षेत्री, तामाङ लगायत विभिन्न जातजाति र समुदायको बसोबास रहेको छ। विभिन्न भाषा, संस्कृति, भेषभूषा, चाडपर्व र परम्पराले इलामलाई बहुसांस्कृतिक पहिचान प्रदान गरेको छ। प्राकृतिक सम्पदा, कृषि उत्पादन, सांस्कृतिक विविधता र पर्यटनको उत्कृष्ट संगमका कारण इलाम नेपालकै सुन्दर, समृद्ध र सम्भावनायुक्त जिल्लाका रूपमा परिचित छ।

## १.२. चुलाचुली गाउँपालिकाको परिचय

कोशी प्रदेशअन्तर्गत इलाम जिल्लाको दक्षिण–पश्चिमी क्षेत्रमा अवस्थित चुलाचुली गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा कृषि सम्भावनाले सम्पन्न स्थानीय तह हो। नेपालको संघीय संरचनाको कार्यान्वयनसँगै वि.सं. २०७३ सालमा तत्कालीन चुलाचुली र साकफारा गाउँ विकास समितिहरूलाई समायोजन गरी यस गाउँपालिकाको स्थापना गरिएको हो। गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ४, आइतबारेमा रहेको छ।

चुलाचुली गाउँपालिकाको कुल क्षेत्रफल १०८.४६ वर्ग किलोमिटर रहेको छ र यसलाई ६ वटा वडामा विभाजन गरिएको छ। यसको पूर्वमा माई नगरपालिका, पश्चिममा मोरङ जिल्ला, उत्तरमा माङ्सेबुङ गाउँपालिका तथा दक्षिणमा झापा जिल्ला पर्दछन्। महाभारत पर्वत श्रृङ्खलाको दक्षिणी फेदीदेखि चुरे क्षेत्रसम्म फैलिएको यस गाउँपालिकामा पहाडी तथा समथर भू–भागको सुन्दर समिश्रण पाइन्छ, जसले यहाँको प्राकृतिक बनोटलाई विशिष्ट बनाएको छ।

"चुलाचुली" नामको उत्पत्तिबारे आधिकारिक तथ्य खासै भेटिँदैन।  स्थानीय जनविश्वासअनुसार यस क्षेत्रमा अवस्थित थुप्रै चुला ढुङ्गाजस्ता आकृति भएका डाँडाहरूका कारण यस स्थानको नाम चुलाचुली रहन गएको हो भन्ने जनश्रुती प्रचलित छ।

उष्णदेखि उपोष्ण हावापानी भएको चुलाचुली कृषि उत्पादनका दृष्टिले अत्यन्त उर्वर क्षेत्र मानिन्छ। यहाँ धान, मकै, कोदो, तोरी, सुपारी, केरा, सिमलतरुल तथा विभिन्न तरकारी बाली साथै लिचि आप जस्ता फलफुल लगायत विभिन्न नगदे बालीहरूको उत्पादन हुने गर्दछ। साथै वनसम्पदा, जलस्रोत, जैविक विविधता तथा हरियालीले यस क्षेत्रलाई वातावरणीय दृष्टिले पनि महत्त्वपूर्ण बनाएका छन्। पूर्व–पश्चिम राजमार्गसँग सडक सञ्जालमार्फत जोडिएको यस गाउँपालिकाले पहाडी र तराई क्षेत्रबीच आर्थिक तथा सामाजिक सम्पर्कको सेतुका रूपमा समेत भूमिका निर्वाह गरेको छ।

यस क्षेत्रमा अन्धाराजा रानी, शिवओरक मिलन पोखरी, ऐना पोखरी, तीनकुने पोखरी, कुशे डाँडा, हात्तीलेदा माङ्हिम क्षेत्र, चपेटी पर्यटकीय क्षेत्र लगायत थुप्रै पर्यटकीय स्थलहरू समेत रहेका छन्।  जातीय, भाषिक तथा सांस्कृतिक विविधताले सम्पन्न चुलाचुलीमा लिम्बु, राई, मगर, तामाङ, गुरुङ, ब्राह्मण, क्षेत्री, नेवार, धिमाल, कुमाल लगायत विभिन्न समुदायको बसोबास रहेको छ। विभिन्न जातजातिका मौलिक संस्कृति, परम्परा, चाडपर्व तथा सामाजिक सद्भावले यस गाउँपालिकालाई बहुसांस्कृतिक पहिचान प्रदान गरेको छ। प्राकृतिक सम्पदा, कृषि सम्भावना, सामाजिक सहअस्तित्व तथा दिगो विकासप्रतिको प्रतिबद्धताका कारण चुलाचुली गाउँपालिका इलाम जिल्लाको उदीयमान र सम्भावनायुक्त स्थानीय तहका रूपमा परिचित हुँदै गएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २३,१५७ रहेको छ।

## १.३.स्थिति प्रतिवेदनको पृष्ठभूमि

चुलाचुली गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा घोषणा गर्नका लागि पालिका विगत वर्षबाटै प्रयासरत छ। यसै क्रममा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गरिएका प्रतिबद्धता पूरा गर्नका लागि साथै बालबालिका सम्वन्धी महासन्धी, १९८९, नेपालको संविधान, बालबालिका सम्वन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली २०८७, बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ समेतले गरेको

व्यवस्था बमोजिम सूचकहरूको प्राप्ती गर्नका लागि गाउँपालिकाको बालबालिका सम्वन्धी आधारभूत अवस्थाको जानकारी प्राप्त गर्नु अत्यावश्यक हुन्छ। यसर्थ चुलाचुली गाउँपालिकाका विषयगत शाखाहरूवाट प्राप्त सुचनाहरू, वडाहरूवाट प्राप्त सुचनाहरू, टोलविकास संस्थाहरूवाट प्राप्त सुचनाहरूका आधारमा बालमैत्री स्थानीय शासनका लागि निर्दिष्ट गरिएका सूचक अनुरुपका सूचनाहरू संकलन र प्रसोधन गरी बालबालिकाका क्षेत्रमा आ.व. २०८२/८३ को अवधिमा भएका प्रगति तथा बालबालिकाको वास्तविक स्थिति चित्रण गर्न यो प्रतिवेदन तयार गरिएको हो।

## १.४. स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य

यस चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्नुका निम्न वमोजिमका उद्धेश्यहरू रहेका छनः

क. बालमैत्री स्थानीय शासनका सूचकहरूको वर्तमान अवस्था पत्ता लगाउनु

ख. बालबालिका सम्बन्धी भावी नीति, कार्यक्रम, बजेट तथा योजना तर्जुमाका लागि वस्तुगत आधार प्रदान गर्नु

ग. बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक रणनीति तयारीका लागि आधार तय गर्नु।

## १.५. स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरू

यस गाउँपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्न निम्नानुसारका विधिहरू अपनाइएका छन्

- प्राथमिक सूचना सङ्कलन: प्राथमिक सूचनाको रुपमा विषयगत शाखा, वडा कार्यालय, टोल विकास संस्थाबाट सङ्कलित विवरण, विभिन्न कार्यक्रममार्फत भएका घरधुरी सर्वेक्षण तथा सर्भे रिपोर्ट आदि
- द्वितीय सूचना सङ्कलन: सूचनाको द्वितीय स्रोतका रूपमा सबालबालिका सम्बन्धी ऐन २०७५, राष्ट्रिय जनगणना २०७८, केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित अन्य तथ्याङ्कहरू, HMIS, EMIS, प्रहरी प्रतिवेदन, राष्ट्रिय बालअधिकार परिषद्का प्रतिवेदनहरू तथा पालिकाका विषयगत शाखाका अभिलेखहरू, गाउँपालिकाबाट प्रकाशित दस्तावेजहरूलाई लिइएको छ।

## १.६. प्रतिवेदनमा समेटिएका विषयहरू

यस प्रतिवेदनमा बालअधिकारका चार आधारहरू बालबचाउँ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकासका सुचनाहरूलाई समावेश गरिएको छ।

# परिच्छेद २
# बालबालिका सम्वन्धी नीतिगत व्यवस्था

## २.१ नेपालको संविधानमा बालबालिका सम्बन्धी व्यवस्था

नेपालको संविधानले बालबालिकाको अधिकारलाई उच्च प्राथमिकता दिँदै धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्पष्ट रूपमा प्रत्याभूत गरेको छ । धारा ३९ का १० वटा उपधाराले बालबालिकाको पहिचान तथा जन्मदर्ता, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद तथा मनोरञ्जन, सर्वाङ्गीण व्यक्तित्व विकास, प्रारम्भिक बाल विकास, सहभागिता तथा जोखिमपूर्ण काम, बालविवाह, हिंसा, शोषण, बेचबिखन र अपहरणबाट संरक्षण तथा बालमैत्री न्यायलगायतका अधिकार सुनिश्चित गरेका छन् । यसका अतिरिक्त संविधानमा प्रत्याभूत समानताको हक (धारा १८), न्यायसम्बन्धी हक (धारा २०), शोषणविरुद्धको हक (धारा २९), शिक्षा (धारा ३१), स्वास्थ्य (धारा ३५), सामाजिक न्याय (धारा ४२) तथा सामाजिक सुरक्षा (धारा ४३) लगायतका मौलिक हकहरू पनि बालबालिकाको अधिकार संरक्षण र विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । साथै नागरिकता प्राप्तिको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, सञ्चार, यातनाविरुद्ध, धार्मिक स्वतन्त्रता, सूचना तथा गोपनीयताको हकलगायत संविधानद्वारा प्रत्याभूत अन्य मौलिक हकहरू पनि बालबालिकाको उमेर, अवस्था र सर्वोत्तम हितअनुकूल आकर्षिक हुन्छन् । यसरी नेपालको संविधानले बालबालिकालाई संरक्षणको विषय मात्र नभई स्वतन्त्र अधिकारधारीका रूपमा स्वीकार गर्दै बाल बचाउ, विकास, संरक्षण र सहभागितालाई संवैधानिक आधार प्रदान गरेको छ ।

## २.२. बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सम्बन्धित केही ऐनहरू

नेपालमा बालबालिकाको हक, हित, संरक्षण तथा विकासलाई कानुनी रूपमा सम्बोधन गर्ने विशिष्टीकृत पहिलो कानुनी व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०४८ बाट प्रारम्भ भएको हो । उक्त ऐनले बालबालिकाको संरक्षण तथा कल्याणका लागि विशिष्टीकृत कानुनी आधार निर्माण गरेकोमा पछि बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, घरेलु हिंसा, शिक्षा, स्वास्थ्य, अपाङ्गता, सामाजिक सुरक्षा, न्याय तथा अन्य क्षेत्रसँग सम्बन्धित कानुनी व्यवस्था क्रमशः विकास हुँदै गए । यस क्रममा बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, राष्ट्रिय खोप ऐन, २०७२ लगायतका ऐनहरूले बालबालिकालाई श्रम, बेचबिखन तथा ओसारपसार, हिंसा तथा स्वास्थ्यसम्बन्धी जोखिमबाट संरक्षण गर्ने कानुनी आधार विस्तार गरेको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेपश्चात् बाल अधिकारसम्बन्धी विद्यमान कानुनी व्यवस्थालाई संविधानअनुकूल बनाउँदै बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई बालबालिका सम्बन्धी ऐन, २०४८ खारेज भएको हो । यस ऐनले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदै बाँच्न पाउने, नाम, राष्ट्रियता तथा पहिचान, भेदभावविरुद्धको अधिकार, बाबुआमासँग बस्न तथा भेटघाट गर्न पाउने, संरक्षण, सहभागिता, अभिव्यक्ति तथा सूचना, गोपनीयता, शिक्षा, स्वास्थ्य तथा पोषण, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप, अपाङ्गता भएका बालबालिकाका लागि विशेष सेवा तथा सुविधा लगायतका अधिकार सुनिश्चित गरेको छ। साथै बाल न्याय, विशेष संरक्षण तथा पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, बाल कोष, बालबालिकाविरुद्धका कसूर तथा

बालबालिकासम्बन्धी संस्थागत व्यवस्थालाई समेत समेटेको छ। बालबालिकाको अधिकार संरक्षणलाई थप व्यापक बनाउन यससँगै मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, अपराध पीडित संरक्षण ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लगायतका कानुनी व्यवस्थाले बालबालिकाको पारिवारिक तथा व्यक्तिगत अधिकार, शिक्षा, स्वास्थ्य, पोषण, सामाजिक सुरक्षा, न्यायमा पहुँच, श्रमबाट संरक्षण, अपाङ्गता भएका बालबालिकाको अधिकार, हिंसा तथा शोषणबाट संरक्षण, गोपनीयता, विपद्को अवस्थामा संरक्षण तथा स्थानीय तहबाट बाल अधिकारसम्बन्धी सेवा प्रवाहका विभिन्न पक्षलाई कानुनी आधार प्रदान गरेका छन्।

## २.३ बालबालिका सम्बन्धी नीति, कार्ययोजना तथा कार्यक्रम

नेपालमा बालबालिकाको अधिकार संरक्षण, विकास, सहभागिता तथा बाल संरक्षण प्रणालीलाई मूलधारमा ल्याउने उद्देश्यले राष्ट्रिय आवधिक योजना, क्षेत्रगत नीति, रणनीति, गुरुयोजना तथा कार्ययोजनामार्फत विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्। विगतमा पन्ध्रौँ योजनाले बालबालिका तथा किशोरकिशोरीलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा समेटेकोमा उक्त योजना अवधि समाप्त भई हाल राष्ट्रिय विकासको मूल आधारका रूपमा सोह्रौँ योजना (आर्थिक वर्ष २०८२/०८३–२०८५/८६) कार्यान्वयनमा रहेको छ । सोह्रौँ योजनाले सामाजिक विकास, मानव पूँजी निर्माण, समावेशिता, सामाजिक संरक्षण तथा मानव अधिकारका विषयलाई समग्र विकासको आधारका रूपमा अघि सारेको छ । यसको कार्यान्वयनका लागि छुट्टै कार्ययोजना समेत स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ।

सोह्रौँ राष्ट्रिय योजनामा बालबालिका तथा किशोरकिशोरीसँग सम्बन्धित निम्न विषयहरूमा जोड दिइएको छ :

- बालबालिकाको सर्वाङ्गीण विकास र मानव पुँजी निर्माणका लागि गुणस्तरीय शिक्षा, प्रारम्भिक बाल विकास तथा सिकाइका अवसरको विस्तार र शिक्षामा समान पहुँचमा जोड
- बालबालिकाको स्वास्थ्य, पोषण तथा सुरक्षित विकास सुनिश्चित गर्न मातृ, शिशु तथा बाल स्वास्थ्य, पोषण, खोप र स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर सुधारमा जोड
- हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह, बेचबिखन तथा अन्य जोखिमबाट बालबालिकाको संरक्षण गर्दै विशेष संरक्षण आवश्यक पर्ने बालबालिकाका लागि संरक्षण तथा सामाजिक सुरक्षाका उपाय सुदृढ गर्ने, बालबालिका तथा अभिभावकमैत्री बालन्याय निरुपण गर्ने तर्फ प्राथमिकता
- किशोरकिशोरीको स्वास्थ्य, शिक्षा, सीप, सहभागिता तथा संरक्षणलाई विकास प्रक्रियासँग जोड्दै उनीहरूलाई सक्षम, स्वस्थ, आत्मनिर्भर तथा जिम्मेवार नागरिकका रूपमा विकास गर्ने दिशामा जोड।

बालबालिकाका विषयलाई समग्र रूपमा सम्बोधन गर्ने दृष्टिले राष्ट्रिय बालबालिका नीति, २०८० महत्वपूर्ण नीतिगत आधारका रूपमा रहेको छ। यसको प्रभावकारी कार्यान्वयनका लागि हाल राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना समेत तयार भई २०८३ वैशाख २९ गते सार्वजनिक गरिएको छ। बालबालिकाको संरक्षणसँग प्रत्यक्ष सम्बन्धित अर्को महत्वपूर्ण क्षेत्र बालश्रम निवारण हो। नेपालमा बालश्रम

निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना, २०७५–२०८५ कार्यान्वयनमा रहेको छ । यस गुरुयोजनालाई कार्यान्वयन गर्न छुट्टै कार्यान्वयन कार्ययोजना समेत स्वीकृत भइसकेको त्यसैगरी बालविवाह बालबालिकाको अधिकार, शिक्षा, स्वास्थ्य, संरक्षण तथा समग्र विकाससँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले यसको अन्त्यका लागि नयाँ नीतिगत पहल भएको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ नेपाल सरकारबाट सार्वजनिक भइसकेको छ । त्यसै गरी बालबालिकाको स्वास्थ्य तथा पोषणको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजना–तेस्रो (आर्थिक वर्ष २०८०/८१–२०८७/८८) कार्यान्वयनमा रहेको छ । यसका अतिरिक्त बालबालिकाको संरक्षण तथा अधिकारसँग सम्बन्धित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, अपाङ्गता भएका बालबालिकाको अधिकार तथा समावेशीकरण, विपद् जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा, स्वास्थ्य तथा खोप, प्रारम्भिक बाल विकास, बाल न्याय र वैकल्पिक हेरचाह लगायतका क्षेत्रगत नीति, योजना तथा कार्यक्रमहरू पनि कार्यान्वयनमा रहेका छन् । मानव बेचबिखनको जोखिममा रहेका महिला तथा बालबालिकाको संरक्षणका सन्दर्भमा पछिल्लो समय मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ समेत जारी भएको छ,

यसैगरी दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४–२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, मानव बेचबिखन, विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई–हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तथा बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप, २०७७, विगत वर्षबाटै कार्यान्वयनमा छन् भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ तथा मानव बेचबिखन नियन्त्रणका लागि मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८२ समेत पछिल्लो नीतिगत व्यवस्थाका रूपमा थपिएका छन् ।

# परिच्छेद ३
# क्षेत्रगत सूचना विश्लेषण

## ३.१. गाउँपालिकाको आधारभूत तथ्याङ्क

### ३.१.१. जनसंख्यात्मक अवस्था


यस चुलाचुली गाउँपालिकाको जनसंख्या २४६७० जना रहेको जसमा १२७६० पुरुष छन् भने १२०९० जना महिला रहेका छन् । यसरी हेर्दा ५१.१७ प्रतिशत पुरुष र ४८.८३ प्रतिशत महिला रहेको देखिन्छ । वडागत जनसंख्यालाई हेर्दा सबैभन्दा धेरै ५६०५ जना वडा नं १ मा र सबैभन्दा कम जनसंख्या २६६७ वडा नं ६ मा रहेको देखिन्छ ।

तालिका नं. १ चुलाचुली गाउँपालिकाको जनसंख्या

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २८१९ | २७८६ | ५६०५ |
| २ | २२७६ | २१४९ | ४४२५ |
| ३ | २६८४ | २५२३ | ५२०७ |
| ४ | १८४६ | १८५५ | ३७०१ |
| ५ | १६६४ | १४९१ | ३१५५ |
| ६ | १३८१ | १२८६ | २६६७ |
| जम्मा | १२६७० | १२०९० | २४७६० |

*(स्रोतः चुलाचुली गाउँपालिकाको डिजिटल पार्श्वचित्र २०८०)*

चित्र नं.१
चुलाचुली गाउँपालिकाको जनसंख्यात्मक अवस्था



### ३.१.२ गाउँपालिकाको जातिगत तथा धार्मिक रूपमा समाविष्ट घरधुरीको अवस्था

चुलाचुली गाउँपालिकाको ६ वटै वडामा रहेका जनसंख्याको जातिगत घरधुरीका आधारमा विश्लेषण गर्दा जम्मा घरधुरी ५६१३ रहेकोमा याक्थुङ,लिम्वु २६.६%, राई २६% वाहुन ११.९% क्षेत्री ८.८% तामाङ ४.९%, विश्वकर्मा ४.७% नेवार ४.४% मगर २.३%, कुलुङ १.६%, परियार १.६% रहेकाछन ।त्यसैगरी धर्मका आधारमा हिन्दु ३६.६%, किरात ५१.८% , वौद्ध ७.२%, ईसाई ४.५%, वाँकी अन्य रहेकाछन ।


### ३.१.३ गाउँपालिकाको बालबालिका सम्वन्धी जनसंख्या

चुलाचुली गाउँपालिकाको बालबालिका सम्वन्धी प्राप्त सुचनका आधारमा यस गाउँपालिका ६ वटै वडामा १८ वर्ष उमेर सम्मका जम्मा जनसंख्या ५१३६ जना रहेका छन । जसमा बालक २५९३ र बालिका २५४३ जना रहेकाछन । गाउँपालिकाको समग्र जनसंख्याको आधारमा बालबालिकाको जनसंख्या ३२.२८% रहेको छ भने बालक ५०.४८% र बालिका ४९.५२% रहेका छन । यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ६९७० जना बालबालिकाहरू रहेको तथ्याङ्क देखिएकोमा पालिकाको घरधुरी सर्वेक्षण अनुसार प्रकाशित डिजिटल पार्वचित्र अनुसार भने करिब २६.३१ प्रतिशतले घटेको देखिन्छ ।

तालिका नं.२
बालबालिकाको उमेरगत जनसंख्याको विवरण

| उमेर समुह | जम्मा | बालक | बालिका |
|---|---|---|---|
| 0 देखि ४ | ५२८ | २२८ | ३०० |
| ५ देखि ९ | १३६२ | ६५१ | ७११ |
| १० देखि १४ | १५२३ | ७८५ | ७३८ |
| १५ देखि १८ | १७२३ | ९२९ | ७९४ |
| | ५१३६ | २५९३ | २५४३ |

चित्र नं.२
गाउँपालिका बालबालिकाको संख्यात्मक अवस्था




### ३.२. बाल बचाऊ (Child Survival)

#### ३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण

आ.व.२०८२ श्रावण देखी २०८३ असार मसान्त सम्ममा यस गाउँपालिकाका २३३ गर्भवती भएको देखिन्छ भने प्रसुती पूर्व गरिने ८ पटकको स्वास्थ्य परिक्षण पुरा गर्ने १५७ जना रहेको पाईयो। आ.व.२०८२ श्रावण देखी २०८३ असार मसान्त सम्ममा जम्मा गर्भवती २३३ भएकोमा गर्भजाँच गराउने संख्या १५७ भएको देखिन्छ। यसरी हेर्दा प्रसुती पूर्वको ८ पटकको स्वास्थ्य परिक्षण गर्ने १५७ जना रहेको छ।र परिक्षण नगर्नेको सख्या ७६ जना रहेको छ।

चित्र नं.३

गर्भवती र गर्भ परिक्षणको अवस्था




(स्रोतः चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन, २०८२)

#### ३.२.२ सुरक्षित सुत्केरी

यस गाउँपालिकामा आ.व.२०८२ श्रावण देखी २०८३ असार मसान्त सम्ममा गर्भवती भएका महिलाहरु मध्ये १८१ जना सुत्केरी स्वास्थ्य संस्थामा भएका छन।

#### ३.२.३ सुत्केरी पश्चात स्वास्थ्य परिक्षणको अवस्था

चुलाचुली गाउँपालिकाका आ.व.२०८२ श्रावण देखी २०८३ असार मसान्त सम्ममा सुत्केरी भएकाहरुले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण गर्ने १८१ जना र ५२ जनाले सुत्केरी पश्चात स्वास्थ्य परिक्षण गरेको पाईएन।

### ३.२.४ बच्चा जन्मेको ६ महिना सम्म आमाको मात्र दुध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था

बच्चालाई जन्मेको ६ महिनासम्म आमाको मात्र दुध खुवाउनु बच्चाको स्वास्थ्यको लागि अति जरुरी हुन्छ। यसै सन्दर्भमा चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखावाट प्राप्त सुचना अनुसार १५७ सुत्केरी महिलाहरुले ६ महिना सम्म आफ्नो मात्र दुध खुवाएको पाईयो।१६१ आमाहरुले दुधको साथै अन्य खानेकुराहरु पनि खुवाएका छन। जसमा ल्याक्टोजिन, गाई दुध, दालभात सर्वोत्तम पिठोको लिटो रहेकाछन।


### ३.२.५ खोपको अवस्था

चुलाचुली गाउँपालिकाका नेपाल सरकारले व्यवस्था गरेको सबै प्रकारका खोपहरु लिने बालबालिकाहरु २६८ जना रहेको तथ्यांक चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखावाट देखिन्छ।चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन,२०८२ अनुसार २५८ जना शिशु ० देखी १ वर्षमुनीका रहेको मा १८१ शिशुले विसिजी, २३४ ले पेन्टाभ्यालेण्ट २३४ ले पोलियो तेस्रो, २६८ ले दादुरा/ रुवेला को खोप लिएको देखिन्छ।

### ३.२.६. ६ महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था

चुलाचुली गाउँपालिकाका सबै वडामा यस वर्ष ६ महिनादेखी ५ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई भिटामिन ए मात्रै २१९ जनाले र जुकाको औषधी २५३० खुवाएको अवस्था रहेको देखिन्छ।

चित्र नं.४
बालबालिकाको भिटामिन ए र जुकाको औषधी प्राप्ति सम्बन्धी अवस्था




(स्रोतः चुलाचुली गाउँपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८२)

### ३.२.७ गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्था

गर्भाअवस्थामा हुने रक्तश्राव र रगतको कमीवाट हुने जोखिमलाई न्यूनिकरण गर्न हरेक गर्भवती महिलाले २२५ वटा आईरन चक्की खानुपर्ने र २ पटक टिडि खोप लगाउनु पर्ने व्यवस्था गरिएको छ। जस अन्तरगत २०८२ श्रावण देखी २०८३ असार सम्म गर्भवती भएका २३३ महिला मध्ये १९७ जनाले २+२ टिडि खोप लिएका छन। त्यसैगरी १८१ महिलाले आईरन चक्की सुत्केरी हुनुपुर्व खाएका छन्।


### ३.२.८ एच.आई.भी सम्वन्धी विवरण

बालमैत्री स्थानीय शासन अन्तरगतको एउटा महत्वपूर्ण पाटोको रुपमा रहेको एचआईभी सक्रमितहरुको व्यवस्थापन र उपचार को व्यवस्था पनी रहेको छ। यस गाउँपालिकाको ६ वटा वडाहरु रहेका ० जनामा ० जना एचआईभी सक्रमितहरु रहेको छ।

### ३.२.९ बालबालिकाको कुपोषण सम्वन्धी अवस्था

चुलाचुली गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार ६ वटा वडाहरुमा रहेका ५ वर्षमुनिका २५३० बालबालिकाहरु मध्ये कुपोषित बालबालिकाहरुको संख्या ८ रहेको देखिन्छ। जुन कुल बालबालिकाहरुको संख्याको ० प्रतिशत हुन आउछ।

चित्र नं ५
बाल पोषणको अवस्था




### ३.२.१० प्राथमिक स्वास्थ्य केन्द्र सम्म पहुँचको अवस्था

यस चुलाचुली गाउँपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र सम्मको नागरिकको पहुँचलाई हेर्दा वडा नं १ देखि ५ सम्मका ९५ प्रतिशत घरधुरीबाट स्वास्थ्य संस्थाको दूरी २


कि मी रहेको छ भने वडा नं ६ को तोरीबारी वडा कार्यालयभन्दा माथिका २० प्रतिशत घरधुरीका लागि स्वास्थ्य चौकी सम्मको दूरी करिब ५ देखि ६ कि मी रहेको छ। वि.सं. २०८२ सालसम्ममा चुलाचुली गाउँपालिकामा सामुदायिक स्वास्थ्य केन्द्र  २ वटा, स्वास्थ्य चौकी १ वटा, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक २ वटा, वर्थिङ सेन्टर २ वटा, खोपकेन्द्र ११ वटा र नगर अस्पताल १ रहेको छ।

### ३.२.११ स्वास्थ्य संस्था तथा स्वास्थ्य सम्वन्धी मानवीय स्रोतको अवस्था

यस गाउँपालिकामा एक नगर अस्पताल, १ प्राथमिक स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र ५ वटा, , स्वास्थ्य चौकी १ वटा र गाउँघर क्लिनिक २ वटा रहेका छन। यसरी ७ वटा स्वास्थ्य संस्था र २ गाउँघर क्लिनिकहरुमा ३२ जना स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गर्दै आईरहेको देखिन्छ। जसमा मेडिकल अधिकृत २,जनस्वास्थ्य अधिकृत १, सिअहेव छैठौं १, अनमी छैठौं ,१ जनस्वास्थ्य निरीक्षक १, सिअहेव ३, सिअनमी,४, हेल्थ असिस्टेन्ट ४, स्टाफ नर्स १, अहेव ४, अनमी ८, ल्याव टेक्निसियन ०, ल्याव असिस्टेन्ट २, रेडियोग्राफर ०, नेत्र सहायक ०, अपटेसियन ०, कविराज ०, वैद्य १ जना रहेको अवस्था छ।

चित्र नं ६

खानेपानी प्रयोगको अवस्था




### ३.२.१२ शौचालय र सरसफाई सम्वन्धीको व्यवस्था

चुलाचुली गाउँपालिका खुल्ला दिसामुक्त गाउँपालिकाको रूपमा घोषित भईसकेको र यसको दीगोपनाको रूपमा कार्य गर्दै आईरहेको छ। बालमैत्री स्थानी शासनका सूचकहरू मध्ये यो सूचक समेत रहने गर्दछ। राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम प्रतिवेदन २०८२ अनुसार शौचालय प्रयोग सम्बन्धी अवस्था निम्नानुसार पाइएको छ।

तालिका नं.३
शौचालय प्रयोग सम्वन्धी अवस्था

| विवरण | घरधुरी / संस्था | प्रतिशत |
|---|---|---|
| सेफ्टी ट्याङ्की सहितको शौचालय भएका घरधुरी | ४३०२ | ७४.१५ |
| साधारण शौचालय प्रयोग गर्ने घरधुरी | ९२९ | १७.७६ |
| बालमैत्री तथा अपाङ्गमैत्री सार्वजनिक/विद्यालय शौचालय सङ्ख्या | ८ | २९.६२ |

(स्रोतः राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम प्रतिवेदन, २०८२)

### ३.३. बालसंरक्षण

बालबालिकाकहरूको गर्भावस्था देखिनै संरक्षण पाउने अधिकार रहन्छ । सुरक्षित रूपमा जन्मन पाउँने, जन्मिएपछी नाम र पहिचानको अधिकार हुदैं विभिन्न जोखिमहरूवाट संरक्षण पाउने अधिकार रहन्छ । यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरूमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४) अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनस्थापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरूमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १) । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ । बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह

लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरू रहेका छन् । यी कानुनी प्रावधानहरूबाट नेपालको कानुन बालमैत्री रहेको देखिन्छ ।
यसका आधारभुत सूचकहरूको आधारमा चुलाचुली गाउँपालिकामा बालसंरक्षणको अवस्था विश्लेषण गरिएको छ ।

### ३.३.१ जन्मदर्ता सम्वन्धी अवस्था


गाउँपालिकाको पञ्जिकरण शाखावाट प्राप्त सुचना अनुसार २०८२ वैसाख देखी २०८३ चैत्र सम्म गाउँपालिकामा जन्मदर्ताको अवस्था हेर्दा १८८ बालक र  १७७ बालिकाको जन्मदर्ता भएको छ जसमा सबै भन्दा वढी वडा नं.१ मा ७९  जना र सबै भन्दा कम वडा नं.६ मा ४९ जनाको जन्मदर्ता भएको छ ।

तालिका नं.४
जन्मदर्ताको अवस्था

| वडा नं | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| १ | ४५ | ३४ | ७९ |
| २ | १९ | २२ | ४९ |
| ३ | ३४ | ३५ | ६९ |
| ४ | ३० | ३५ | ६५ |
| ५ | ३० | २३ | ५३ |
| ६ | ३० | १९ | ४९ |
| | १८८ | १७७ | ३६५ |

*(स्रोतः पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा)*

चित्र नं.७
जन्मदर्ताको अवस्था



### ३.३.२ बालविवाहको अवस्था

बालविवाह अहिलेको जल्दोवल्दो समस्याको रूपमा रहेको छ । नेपालले सन २०३० सम्म बालविवाहमुक्त नेपालको घोषणा गरेको अवस्थामा स्थानीय स्तरमा बालविवाह जटिल समस्याको रूपमा रहेको देखिन्छ । कानुनत २० वर्षमुनीको विवाहदर्ता नहुने भएकोले बालविवाहको अवस्थाको पहिचान हुन सकेको छैन । तथापी समाजमा २० वर्षमुनीको विवाह हुने गरेको छ । गाउँपालिकाको जनगणना २०७८ अनुसार विवाह गर्ने जनसंख्या ६३% रहेको छ जसमा २० वर्षभन्दा कम उमेरमा विवाह गर्नेकोको ३०.६४% रहेको देखिन्छ भने पुरुषको तुलनामा महिलाको २० वर्षभन्दा कम उमेरमा वढी विवाह भएको देखिन्छ । स्वास्थ्य शाखाको वार्षिक प्रतिवेदन २०८२ मा गर्भवती तथा सुत्केरी सम्बन्धी तथ्याङ्क हेर्दा २० वर्ष मुनी आमा बनेकाहरूको संख्या १२ जना देखिन्छ । यसका आधारमा चुलाचुली गाउँपालिकामा हालसम्म पनि बाल विवाह छ भन्ने पुष्टि हुन्छ । यद्यपि नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८२ को प्रतिवेदन अनुसार आ.व.२०८२/८३ को चैत्र मसान्त सम्ममा बालविवाहको कुनै पनि उजुरी नभएको देखिन्छ । त्यस्तै गरी न्यायिक समितिको सचिवालयको उजुरी फच्छर्यौट सम्बन्धी विवरणलाई हेर्दा पनि बाल विवाह सम्बन्धी उजुरी नभएको र बालकल्याण अधिकारी/ बाल अधिकार समिति समक्ष पेश हुने उजुरीहरूमा पनि बाल विवाह सम्बन्धी कुनै उजुरी प्राप्त नभएको अवस्था छ ।

### ३.३.३ बालश्रम सम्वन्धी अवस्था

यस गाउँपालिकाका वडा नं.१ देखी ६ सम्म रहेका कुल ७४७६ बालबालिकाहरू मध्ये ७ जना बालबालिका बालश्रममा संलग्न भएको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनले देखाएको छ जसमा ७ जना बालक रहेको देखिन्छ । नेपाल प्रहरी, प्रहरी चौकी पेल्टिमारीको २०८२/०८३ को प्रतिवेदन अनुसार आ.व.२०८२/०८३ मा बालश्रमको कुनै पनी उजुरी नभएको देखिन्छ । त्यस्तै गरी बालकल्याण अधिकारी तथा बाल अधिकार समिति समक्ष प्राप्त हुने निवेदनको अवस्था हेर्दा समेत बालश्रम सम्बन्धी कुनै उजुरी, सूचना एवम् जानकारी प्राप्त नभएको अवस्था छ ।

### ३.३.४ बालबालिका माथी भएको दुर्व्यवहार तथा हिंसाको अवस्था

नेपाल प्रहरी, प्रहरी चौकी पेल्टीमारीको प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरूमाथी विशेष गरी जवरजस्ती करणी, यौनदुर्व्यवहार, बालबालिका माथी हुने कुटपिट मुख्य रूपमा रहेको देखिन्छ । ईलाका प्रहरी कार्यालयको प्रतिवेदन अनुसार आ.व.२०८०/८१ र २०८२/०८३ को बालबालिका माथी भएको हिंसा तथा दुर्व्यवहारको जानकारी तथा सुचना प्राप्त भएको देखियो ।

तालिका नं.५

बालबालिका माथी भएका हिंसा र दुर्व्यवहार

| हिंसा तथा दुर्व्यवहारको प्रकार | २०८१/०८२ | | | २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| बालयौन दुर्व्यव्यवहार | ० | २ | २ | ० | ० | ० |
| बाल विवाह | ० | ० | ० | ० | ० | ० |
| जवरजस्ती करणी | ० | १ | १ | ० | १ | १ |
| बालबालिका माथी कुटपिट तथा हिंसा | ० | ० | ० | ० | ० | ० |
| बालश्रममा रहेका | १ | ० | १ | ० | ० | ० |
| बालबालिका हराएको भेटिएको | १ | २ | ३ | ४ | ७ | ११ |

*(स्रोतः प्रहरी चौकी पेल्टिमारी)*

### ३.३.५ सडक आश्रित बालकको संरक्षण

यस गाउँपालिकामा बालअधिकार समितिमा प्राप्त भएका सुचना/ निवेदनका आधारमा आ.व. ०८२/०८३ मा सडक आश्रित २ जना बालकहरूलाई उद्धार गरी अस्थायी संरक्षण प्रदान गरिएको छ।


### ३.३.६ बालबालिकाहरूको संरक्षणको अवस्था

चुलाचुली गाउँपालिकामा बालबालिकाहरूको संरक्षणको अवस्थालाई हेर्दा राष्ट्रिय जनगणना २०७८ बमोजिम ३९२ जना बालबालिकाहरू बाबुआमा विना रहने गरेको देखिन्छ ।  भने एकल अभिभावक भएका बालबालिकाहरू पनि १५३२ जना रहेको देखिन्छ । त्यसै आधारमा अभिभावकविहिन बालबालिकाहरूको संरक्षणका लागि पालिकाले विशेष पहल गरिरहेको सन्दर्भमा पालिकाभित्र पछिल्लो समय कति अभिभावकविहिन बालबालिकाहरू छन् भन्ने तथ्याङ्क अद्यावधिकका लागि काम भइरहेको छ।

### ३.३.७ बालबालिका घरमुली भएको अवस्था

बालबालिका आफै संरक्षित हुनुपर्ने अवस्थामा विभिन्न कारणहरूले बालबालिकाहरू सानै उमेरवाट घरपरिवारको जिम्मेवारी वहन गर्न पुगेका हुन्छन। जसका कारण उनीहरूको बाल्यकालको उपभोग गर्नवाट समेत वञ्चित हुन पुग्दछन। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार चुलाचुली गाउँपालिकामा बालबालिकाहरूको घरमुली भएको संख्या समेत उल्लेख्य रहेको देखिन्छ।जसमा १४ वर्ष मुनीका १ बालक र २ बालिका घरमुली रहेकाछन भने १५ देखी १९ वर्ष उमेर समुहका १५ किशोर र ९ किशोरी घरमुलीको रूपमा रहेका छन्।

चित्र:८
घरमुलीको रूपमा बालबालिका




### ३.३.८ अपाङ्गता भएका बालबालिकाको विवरण

अपाङ्गता भएका बालबालिकाहरू सवलाङ्ग बालबालिका भन्दा वढी जोखिमपुर्ण हुने गर्दछन । उनीहरूलाई अन्यलाई भन्दा वढी संरक्षण गर्न जरुरी हुन जान्छ। त्यसै क्रममा चुलाचुली गाउँपालिकामा ७१८ जना अपाङ्गता भएका व्यक्तीहरू मध्ये ३१ जना बालबालिकाहरू रहेका छन। अपाङ्गताको प्रकार अनुसार बालबालिकाहरूको विवरण निम्नानुसार रहेको छ।


तालिका नं.६
अपाङ्गता भएका बालबालिकाको विवरण

| अपाङ्गताको प्रकार | बालक | बालिक | जम्मा |
|---|---|---|---|
| शारीरिक | ११ | ५ | १६ |
| वौद्धिक | १ | २ | ३ |
| वहिरा | २ | ० | २ |
| सुस्तश्रवण | ० | २ | २ |
| पूर्ण दृष्टिविहिन | ० | ० | ० |
| न्यून दृष्टिविहिन | ० | ३ | ३ |
| श्रवण दृष्टिविहिन | ० | ० | ० |
| स्वरवोलाई सम्वन्धी | २ | २ | ४ |
| अटिजम | ४ | १ | ५ |
| मानसिक तथा मनोसामाजिक अपाङ्गता | ० | १ | १ |
| वहुअपाङ्गता | ० | ० | ० |
| जम्मा | | | ३६ |

*(स्रोत : महिला तथा बालबालिकातथा सामाजकल्याण शाखाको प्रतिवेदन २०८२)*

चित्र नं ९

अपाङ्गता भएका बालबालिकाको अवस्था




तालिका नं ७

आ.व.२०८२/०८३ मा अपाङ्गता परिचयपत्र वितरण गरिएका बालबालिकाहरूको संख्यात्मक विवरण

| अपाङ्गताको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक | ० | ० | ० |
| वौद्धिक | ० | ० | ० |
| वहिरा/ सुस्तश्रवण | ० | ० | ० |
| पूर्ण दृष्टिविहिन/ न्यून दृष्टिविहिन | ० | ० | ० |
| श्रवण दृष्टिविहिन | ० | ० | ० |
| स्वरवोलाई सम्वन्धी | ० | ० | ० |
| अटिजम | ० | १ | १ |
| मनोसामाजिक अपाङ्गता | ० | १ | १ |
| वहुअपाङ्गता | ० | ० | ० |
| आनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ० | ० | ० |
| जम्मा | ० | ० | २ |

### ३.३.९ गाउँपालिकामा समुदायमा आधारित बालसंरक्षण प्रणालीबाट संरक्षित बालबालिका

बालमैत्री स्थानीय शासन कार्यक्रमको सुरुवातसँगै अभिभावकविहिन बालबालिकाहरूको संरक्षणको विषयलाई संवोधन गर्न गाउँपालिकास्तरीय बालअधिकार समितिमा प्राप्त भएका निवेदनहरूलाई अध्ययन गरि एसओएस बालग्राम सुनसरी ईटहरीसँगको सहकार्य भएको छ । साथै बालश्रममा रहेका, यौन दुर्व्यवहारमा परेका बालबालिकाहरूको उद्धार तथा एकल अभिभावक भएका विपन्न बालबालिकाहरूको समेत संरक्षणका लागि आन्तरिक रूपमा तथा बाह्य संस्था/ निकायहरूसँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन भइरहेको छ । यस आर्थिक वर्षमा गाउँपालिकाका निम्नानुसारका बालबालिकाहरूलाई समुदायमा आधारित बालसंरक्षण प्रणाली अन्तरगत सेवा प्रदान गरिएकोछ ।

तालिका नं.८

समुदायमा आधारित बालसंरक्षण प्रणालीबाट संरक्षित बालबालिका

| क्र सं | बालक | बालिका | जम्मा | संरक्षण सेवा प्रदान गर्ने संस्था/निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | २ | ५ | एस् ओ एस् बालग्राम इटहरी | नातेदारीमा आधारित संरक्षण कार्यक्रमबाट लाभान्वित |
| २ | ४ | २ | ६ | एस् ओ एस् बालग्राम इटहरी | आ.व. ०८२/८३ मा प्रकृया पूरा भई नातेदारी कार्यक्रममा ४ जना र परिवार सवलीकरण कार्यक्रमतर्फ २ जना गरी जम्मा ६ बालबालिकाहरूको संरक्षण कार्य सम्झौताको चरणमा रहेका |
| ३ | १ | ० | १ | भोइस अफ चिल्ड्रेन इटहरी | संस्थामै राखी संरक्षण गरिएको |
| ४ | ० | १ | १ | दीर्घकालीन पुनर्स्थापना केन्द्र विराटनगर | केन्द्रमै पुनर्स्थापित गरिएको |
| ५ | ० | २ | २ | ह्याप्पी फाउन्डेसन नेपाल | विपन्न एकल अभिभावक भएका बालबालिका संरक्षण कार्यक्रम |
| | ८ | ७ | १५ | | |

*(स्रोतः महिला तथा बालबालिका शाखा)*

### ३.३.१०. गाउँपालिकामा प्रहरी कार्यालयको अवस्था

बालसंरक्षण प्रणालीको एउटा महत्वपूर्ण पक्ष भनेको प्रहरी हो । बाल संरक्षणका हरेक विषयहरू प्रहरीसँग सम्बन्धित रहेका हुन्छन् । यस विषयसँग सम्बन्धित सूचनाका आधारमा पालिकाक्षेत्रभित्र रहेका प्रहरी कार्यालयहरूको विवरण निम्नानुसार रहेको छ।

तालिका नं ९

प्रहरी कार्यालयको विवरण

| क्र सं | नाम | कार्यालय रहेको ठेगाना |
|---|---|---|
| १ | पेल्टिमारी प्रहरी चौकी | चुलाचुली वडा नं ३ पेल्टिमारी |
| २ | पाख्रिनटार प्रहरी चौकी | चुलाचुली वडा नं ६ दशमी |

### ३.३.११. सामाजिक सुरक्षामा बालबालिका

नेपाल सरकारको नियमानुसार यस गाउँपालिकाभित्र समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने दलित बालबालिका तथा अपाङ्गता भएका बालबालिकाहरूको विवरण निम्नानुसार रहेको छः

तालिका नं १०

विभिन्न शीर्षकमा सामाजिक सुरक्षा प्राप्त गर्ने दलित बालबालिका

| सामाजिक सुरक्षाको प्रकार | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| दलित बालबालिका पोषण | १९ | १५ | ३४ |
| अति अशक्त अपाङ्गता | ५ | २ | ७ |
| पूर्ण अशक्त अपाङ्गता | ५ | १ | ६ |

### ३.४ बालविकास

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरू समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरू रहेका छन् (१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानुन बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ।

(४). दलित बालबालिकालाई प्रचलित कानुन बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

### ३.४.१ प्रारम्भिक बाल विकास

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ । नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानुनी व्यवस्थाहरूमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ । प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

### ३.४.२. प्रारम्भिक बालविकास (ECED) को अवस्था

तालिका नं. १०


क. बालविकास केन्द्र र बालबालिकाको सङ्ख्या (आ.व. २०८२/८३)

| विद्यालयको प्रकार | केन्द्रको संख्या | बालक | बालिका | जम्मा विद्यार्थी |
|---|---|---|---|---|
| सामुदायिक | २६ | २५९ | २६० | ५१९ |
| संस्थागत | ७ | २४६ | २५८ | ५०४ |
| अन्य | ३३ | ५०५ | ५१८ | १०२३ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

चित्र नं. १०

बालविकास केन्द्रको संख्यात्मक चित्र



तालिका नं ११

.बालविकास केन्द्रमा अध्ययारत बालबालिकाहरुको सख्यात्मक विवरण

| विद्यालयको विवरण | सख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| सामुदायिक | २६ | २५९ | २६० | ५१९ |
| सस्थागत | ७ | २४६ | २५८ | ५०४ |
| जम्मा | ३३ | ५०५ | ५१८ | १०२३ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं १२

बालविकास केन्द्रमा अध्ययारत बालबालिकाहरुको जातिगत विवरण

| विद्यालयको विवरण | सख्या | दलित | | | जनजाति | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | | १७ | १८ | ३५ | १९६ | २११ | ४०७ | ४ | २ | ६ |
| सस्थागत | | १५ | १० | २५ | १६४ | १८० | ३४४ | ९ | ११ | २० |
| जम्मा | | ३२ | २८ | ६० | ३६० | ३९१ | ७५१ | १३ | १३ | २६ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*


तालिका नं १३

बालविकास केन्द्रमा खुँद र कुल भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुद भर्नादर | १०० | १०० | १०० |
| कुल भर्नादर | १८८.१ | १८७.५ | १८७.८ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

*चित्र ११*
*भर्नादरको अवस्था*




तालिका नं १४
सामुदायिक बालविकास केन्द्रमा सामाग्रीहरुको उपलब्धता

| बाल विकास केन्द्रको सख्या | टेक्सवुक | शिक्षक मार्गदर्शन | सिकाई सामाग्री | वुक कर्नर | सन्दर्भ सामाग्री |
|---|---|---|---|---|---|
| २२ | भएको | भएको | भएको | भएको | - |

*(स्रोत : शिक्षा शाखा,चुलाचुली गाउँपालिका)*

### ३.४.३ विद्यालय र विद्यार्थीको अवस्था

यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा २७ वटा विद्यालयहरू रहेकाछन । जसमा चुलाचुली गाउँपालिकाका लगायत आसपासका स्थानीय तहहरूवाट समेत बालबालिकाहरू अध्ययन गर्न आउने गरेका छन्  विद्यालयको संख्यात्मक विवरण निम्नानुसार रहेको छ।

तालिका नं १४

तहगत विद्यालयको विवरण

| जम्मा विद्यालय | आधारभूत तह १-३ | आधारभूत तह १-५ | आधारभूत तह ६-८ | माध्यामिक ९-१० | माध्यामिक ११-१२ |
|---|---|---|---|---|---|
| २७ | २ | ९ | ७ | ६ | ३ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं १५

सामुदायिक र सस्थागत विद्यालयको विवरण

| विद्यालयको प्रकार | आधारभूत तह १-३ | आधारभूत तह १-५ | आधारभूत तह ६-८ | माध्यामिक ९-१० | माध्यामिक ११-१२ | जम्मा विद्यालय |
|---|---|---|---|---|---|---|
| सामुदायिक | १ | ९ | २ | १ | ३ | २० |
| सस्थागत | १ | ० | ५ | ५ | ० | ७ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं १६

कक्षा १ मा भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | १००‰ | १००‰ | १००‰ |
| कुल भर्नादर | १२५.६ | १५०.३१ | १३८.४५ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं १७

आधारभुत तह कक्षा १ देखि ८ सम्मको भर्नादरको अवस्था

| भर्नादरको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| खुँद भर्नादर | १००‰ | ९५.४‰ | १००‰ |
| कुल भर्नादर | १३६.७२ | १३१.२१ | १३३.८३ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं १८

विद्यालय तहमा बालबालिकाहरुको सख्या

| तह | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| कक्षा १-५ | ८०६ | ९५९ | १७६५ |
| कक्षा ६-८ | ५०९ | ५२१ | १०३० |
| कक्षा ९-१० | २८९ | ३०२ | ५९१ |
| कक्षा ११-१२ | ११९ | १०३ | २२२ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा*

तालिका नं १९

सामुदायिक र सस्थागत विद्यालयमा बालबालिकाहरुको सख्यात्मक विवरण

| सामुदायिक विद्यालय | | | | सस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| तह | बालिका | बालक | जम्मा | तह | बालिका | बालक | जम्मा |
| कक्षा १-५ | ४६१ | ४९४ | ९५५ | | ३४५ | ४६५ | ८१० |
| कक्षा ६-८ | ३८८ | ३७९ | ७६७ | | १२१ | १४२ | २६३ |
| कक्षा९-१० | २३२ | २६७ | ५४१ | | २२ | २८ | ५० |
| कक्षा ११-१२ | ११९ | १०३ | २२२ | | 0 | 0 | 0 |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं २०

विद्यालयमा  बालबालिकाहरुको जातिगत उपस्थिति

| विद्यालयको विवरण | दलित | | | जनजाति | | | मधेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक | १३६ | १२८ | २६४ | ११२७ | ११८१ | २३०८ | २४ | २१ | ४५ |
| सस्थागत | २९ | ४५ | ६४ | ५३४ | ६२८ | ११६२ | २० | ३९ | ५९ |
| जम्मा | १६५ | १७३ | ३२८ | १६६१ | १८०९ | ३४७० | ४४ | ६० | १०४ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

तालिका नं २१

कक्षा दोहोर्याउने र कक्षा छोड्नेको अवस्था

| कक्षा दोहोर्याउने प्रतिशत | | विद्यालय छाड्ने प्रतिशत | |
|---|---|---|---|
| तह | प्रतिशत | तह | प्रतिशत |
| कक्षा १-५ | ६.७७ | कक्षा १-५ | ० |
| कक्षा ६-८ | ८.६८ | कक्षा ६-८ | ०.१० |
| कक्षा ९-१० | ७.५६ | कक्षा ९-१० | ०.१५ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

### ३.४.४ विशेष शिक्षा सम्वन्धी व्यवस्था

सबै बालबालिकाले शिक्षा पाँउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकाले आफ्नो क्षमता अनुसारको शिक्षा प्राप्त गर्न पाउनु पर्छ । यसै गरी अपाङ्गता भएका बालबालिकाहरूले आफ्नो क्षमता अनुसारको शिक्षा पाउन अधिकार हो भने त्यस किसिमको शिक्षा प्रदान गर्नु राज्यको दायित्व पनि हो । यसै सन्दर्भमा चुलाचुली गाउँपालिका अपाङगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षा सम्वन्धी कुनै पनि कक्षाहरू नभएको अवस्था छ ।

तालिका नं २२

बालविकास केन्द्र तथा विद्यालयमा अपाङ्गता भएका बालबालिकाहरूको उपस्थिति

| अपाङ्गताको प्रकार | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक | ४ | ७ | ११ |
| वौद्धिक | १ | ३ | ४ |
| वहिरा/ सुस्तश्रवण | २ | २ | ४ |
| दृष्टिविहिन | | २ | २ |
| श्रवण दृष्टिविहिन | | | |
| स्वरवोलाई सम्वन्धी | २ | २ | ४ |
| अटिजम | २ | | २ |
| मानसिक तथा मनोसामाजिक अपाङ्गता | | १ | १ |
| वहुअपाङ्गता | १ | १ | २ |
| जम्मा | १२ | १८ | ३० |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

### ३.४.५ गाउँपालिकाको साक्षरता सम्वन्धी अवस्था

चुलाचुली गाउँपालिकाको समग्र शिक्षाको अवस्था हेर्दा यस गाउँपालिकामा ८०.८% साक्षरता दर रहेको छ । जसमा पुरुष ८६.६% र महिला ७५.३% रहेको छ । ५ वर्षभन्दा माथिको उमेर समूहको साक्षरता दर निम्नानुसार रहेको छ ।

तालिका नं २३

५ वर्षभन्दा माथिको शैक्षिक अवस्था

| शैक्षिक स्तर/ वडा | १ | २ | ३ | ४ | ५ | ६ | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| साधारण लेखपढ गर्ने | २५६७ | १००९ | १५४६ | ९०७ | १४८८ | ८०८ | ८३२५ | ३३.६२ |
| आधारभूत तह (१-८) | ६८६ | १२७७ | १३८१ | १४८८ | ५६४ | ९५५ | ६३५१ | २५.६५ |
| माध्यमिक तह)९-१२ | १०८२ | ९५७ | १०७४ | ८४८ | ४१२ | ४३० | ४८०३ | ९.४० |
| लेखपढ गर्न नसक्ने (निरक्षर) | ११७५ | १०८७ | १०८५ | ४०९ | ६३७ | २९३ | ४६८६ | १८.९३ |
| स्नातक तह | ५१ | ३४ | ५७ | ३२ | २६ | ३० | २२३ | ०.९३ |
| प्राविधिक एस एल सी | ११ | ३ | ६ | | ४ | ११४ | १४८ | ०.६० |
| पूर्व प्रथमिक (कक्षा १ भन्दा कम) | ३ | २५ | ३३ | १३ | ८ | ३० | ११२ | ०.४५ |
| स्नातकोत्तर | १५ | २७ | २५ | ४ | ३ | ४ | २७ | ०.३२ |
| जम्मा | | | | | | | | |

(स्रोतः चुलाचुली गाउँपालिकाको डिजिटल पार्श्वचित्र २०८०)

### ३.४.६ विद्यालयमा शिक्षकको अवस्था र शिक्षक विद्यार्थी अनुपात

चुलाचुली गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा विद्यार्थी र शिक्षकको अनुपातलाई हेर्दा आधारभूत तहमा भन्दा पनि माध्यमिक तहमा विद्यार्थीको सङ्ख्यामा शिक्षकको अनुपात केही कम रहेको देखिन्छ ।

**तालिका २४**
**शिक्षक विद्यार्थी आनुपातिक अवस्था**

| विद्यालय | सख्या | जनशक्ति नगर शिक्षक समेत | | |
|---|---|---|---|---|
| सामुदायिक | | शिक्षक /शिक्षिका | ECDसहजकर्ता | कर्मचारी र का.स. |
| आ.वि.१-५ | | १६८ | २८ | २९ |
| आ.वि.६-८ | | | | |
| मा.वि.९-१० | | ३२ | | |
| मा.वि.११-१२ | | | | |
| जम्मा | | २०० | २८ | २९ |

*( स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका)*

### ३.४.७ विद्यालय पुग्ने औषत समय

विद्यालयको दुरीले बालबालिकाहरूको सिकाईलाई असर पार्ने गर्दछ। विशेषगरी साना बालबालिकाहरूलाई विद्यालयको पहुँचमा हुनु अति आवश्यक रहेको हुन्छ । यहाँ चुलाचुली गाउँपालिकाका आधारभुत तह र माध्यमिक तहका बालबालिकाहरूलाई विद्यालय पुग्न लाग्ने औषत समयको विश्लेषण गरिएको छ । जसमा आधारभुत तहका वडा नं १ देखि ५ सम्मका बालबालिकाहरूलाई कम्तिमा १५ मिनेट र वढीमा आधा र वडा नं ६ का बालबालिकाहरूलाई कम्तिमा आधा घण्टादेखि बढीमा १ घण्टा समय लाग्ने गरेको देखिन्छ भने माध्यमिक तहका बालबालिकाहरूलाई वडा नं १ देखि ५ सम्म कम्तिमा १५ मिनेटदेखि बढीमा ४५ मिनेट र वडा नं ६ का बालबालिकाहरूका लागि भने कम्तिमा १५ मिनेट र वढीमा २ घण्टा भन्दा वढी समय लाग्ने गरेको छ ।

*(स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका)*

### ३.४.८ विद्यालयको भौतिक पूर्वाधारको अवस्था

चुलाचुली गाउँपालिकामा रहेका २० वटा सामुदायिक विद्यालयमा ८७ प्रतिशत विद्यालयमा सामान्य भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको छ ।यस गाउँपालिकामा रहेका विद्यालयमा ८७ वटा पक्की भवन रहेका छन ।त्यसैगरी २० वटा विद्यालयमा शौचालय रहेको छ भने २० वटा छात्रा शौचालय रहेको छ । सबै विद्यालयमा खानेपानीको प्रवन्ध गरिएको छ । १० वटा विद्यालयमा स्वच्छ खानेपानीको प्रवन्ध हुन सकेको छैन ।२१ वटा विद्यालयमा विद्युत सुविधा रहेको छ । सबै विद्यालयमा ईन्टरनेटको सुविधा रहेको छ ।३ विद्यालयमा विज्ञान प्रयोगशाला रहेको छ । ८ वटा विद्यालयमा पुस्तकालय रहेको छ । ८ वटा विद्यालयहरूमा विज्ञान प्रयोगशाला

रहेको छ। सबै विद्यालयमा बालबालिका खेल्नको लागि खेलमैदान रहेको ।सबै विद्यालयमा ह्वाइटवोर्डको प्रयोग भएको छ भने केही विद्यालयहरूमा स्मार्ट बोर्डको समेत प्रयोग भएको छ।

तालिका नं २५

विद्यालयको भौतिक पूर्वाधारको अवस्था

| विद्यालयको नाम | वडा नं. | भवन | डेक्सवेन्च | शौचालय | | कक्षाकोठा | पुस्तकालय | प्रयोगशाला | खेलमैदान | ह्वाइटवोर्ड/ स्मार्टवोर्ड | घेरावारा | विव्यसमा बालबालिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनता माध्यमिक विद्याल | १ | ५ | | छात्र | छात्रा | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड+ स्मार्ट बोर्ड | १ | भएको |
| सागर आधारभूत विद्यालय | १ | ३ | | १ | १ | ५ | | | सामान्य | ह्वाइटबोर्ड | 0 | |
| शिवज्योती आधारभूत विद्यालय | १ | ५ | | १ | १ | ११ | | | सामान्य | ह्वाइटबोर्ड | ० | भएको |
| जनता माध्यमिक विद्यालय | २ | १० | | १ | १ | १३ | १ | १ | भएको | स्मार्टबोर्ड + स्मार्ट बोर्ड | छ | भएको |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | ४ | | ३ | ३ | १० | | १ | भएको | ह्वाइटबोर्ड | छ | भएको |
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ७ | | २ | २ | १५ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | भएको |
| सूर्योदय आधारभूत विद्यालय | ३ | ४ | | १ | १ | ८ | | | भएको | ह्वाइटबोर्ड | छ | भएको |
| बालज्योती माध्यमिक विद्यालय | ४ | ८ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड + स्मार्ट बोर्ड | छ | भएको |
| किराँतचोलुङ आधारभूत विद्यालय | ४ | ३ | | १ | १ | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छ | भएको |
| भानु माध्यमिक विद्यालय | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड | छ | भएको |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाँझोगाउँ माध्यमिक विद्यालय | ५ | ६ | | २ | २ | १३ | १ | १ | भएको | ह्वाइटबोर्ड+ स्मार्ट बोर्ड | छ | भएको |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | ४ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड | छ | भएको |
| मिक्लाजोङ् माध्यमिक विद्यालय | ६ | ५ | | १ | १ | १३ | १ | १ | सामान्य | ह्वाइटबोर्ड+ स्मार्टबोर्ड | छैन | भएको |
| गिताञ्जली आधारभूत विद्यालय | ६ | ४ | | १ | १ | १० | | | सामान्य | ह्वाइटबोर्ड | छ | भएको |
| चुलाचुली आधारभूत विद्यालय | ६ | २ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | छैन |
| सगरमाथा आधारभूत विद्यालय | ६ | २ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | छैन |
| सहिदस्मृति आधारभूत विद्यालय | ६ | २ | | १ | | ४ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | छैन |
| नारायणज्योती आधारभूत विद्यालय | ६ | ३ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | भएको |
| सूर्यज्योती आधारभूत विद्यालय | ६ | ३ | | १ | | ६ | | | सामान्य | ह्वाइटबोर्ड | छैन | छैन |
| देवी स्मृति आधारभूत विद्यालय | ६ | १ | | १ | | ३ | | | सामान्य | ह्वाइट बोर्ड | छैन | छैन |

*(स्रोत: शिक्षा शाखा, चुलाचुली गाउँपालिका)*

३.४.९ विद्यालयको विवरण र जनशक्तिको अवस्था

चुलाचुली गाउँपालिकाभित्रका विद्यालयहरूमा रहेका मौजुदा जनशक्ति र विद्यालयका प्रधानाध्यापकको विवरण निम्नानुसार रहेको छः

तालिका नं २६

विद्यालयगत जनशक्ति र प्रधानाध्यापक

| विद्यालयको नाम | वडा नं. | प्रधानाध्यापकको नाम | महिला शिक्षक | पुरुष शिक्षक |
|---|---|---|---|---|
| जनता माध्यमिक विद्यालय | १ | विशाल लिम्बु | १२ | ११ |
| सागर आधारभूत विद्यालय | १ | याम प्रसाद लिम्बु | ० | २ |
| शिवज्योती आधारभूत विद्यालय | १ | ऋमा माखिम लिम्बु | ९ | १ |
| जनता माध्यमिक विद्यालय | २ | लक्ष्मेश्वर प्रसाद बनबरीया | १५ | १२ |
| पञ्चकन्या आधारभूत विद्यालय | २ | हरिकला लिम्बु | ११ | ५ |
| किराँतेश्वर माध्यमिक विद्यालय | ३ | ऋषिराज काफ्ले | १२ | १२ |
| सूर्योदय आधारभूत विद्यालय | ३ | कल्पना चेम्जोङ | ५ | ३ |
| बालज्योती माध्यमिक विद्यलाय | ४ | रुद्र प्रभात गिरी | ९ | १७ |
| किराँतचोलुङ् आधारभूत विद्यलाय | ४ | गिरीराज निरौला | ४ | ३ |
| बाँझोगाउँ माध्यमिक विद्यालय | ५ | गणेश कुमार अधिकारी | ११ | ६ |
| भानु माध्यमिक विद्यलय | ५ | रघुनाथ मिश्र | १० | ११ |
| गिताञ्लली आधारभूत विद्यालय | ६ | रोहित रिजाल | ७ | ४ |
| चुलाचुली आधारभूत विद्यलाय | ६ | अमृता श्रेष्ठ | ३ | १ |
| राष्ट्रप्रेमी माध्यमिक विद्यालय | ६ | कृष्ण कुमार राई | ११ | १० |
| सगरमाथा आधारभूत विद्यलाय | ६ | मछनराज पाध्याय | ० | २ |
| सहिदस्मृति आधारभूत विद्यालय | ६ | सावित्रा श्रेष्ठ | ३ | ० |
| सूर्यज्योती आधारभूत विद्यालय | ६ | श्री प्रसाद राई | १ | १ |
| नारायणज्योती आधारभूत विद्यालय | ६ | सञ्जु प्रधान | २ | १ |
| मिक्लाजुङ् मा.वि | ६ | सतिस कुमार साह | ६ | ७ |
| देवी स्मृति आधारभूत विद्यालय | ६ | चम्पक राई | ० | १ |

*(स्रोत : चुलचुली गाउँपालिका शिक्षा शाखा)*

## ३.५ बालसहभागिता

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ। बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरूदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन्। बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५),

गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ। यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत (१) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानुनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ। दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्दनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरूबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानुनद्वारा नै स्थापित हुन पुगेकोछ।

### ३.५.१ चुलाचुली गाउँपालिकामा बालक्लवको अवस्था

चुलाचुली गाउँपालिकाको बाट मिति २०७५ मा लागू भएको चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी,२०७५ को परिच्छेद ४ मा बालसहभागिताको व्यवस्था गरीएको छ।

### ३.५.२ बालक्लवमा बालबालिकाहरूको सहभागिताको अवस्था

चुलाचुली गाउँपालिकाको हाल १८ वटा बालक्लवहरू, ६ वडास्तरीय बालसञ्जाल र १ वटा गाउँपालिका स्तरीय बालक्लव सञ्जाल रहेको छ।

तालिका नं २७

पालिकामा दर्ता भएका बालक्लवको नामावली

| क्र.सं. | बालक्लव क्लवको नाम | ठेगाना |
|---|---|---|
| १ | बालज्योती साथी साथी बालक्लव | बालज्योती मावि, चुलाचुली ४ आइतबारे |
| २ | भानु मिलन बालक्लव | भानु मावि, चुलाचुली ५ बुकुवा |
| ३ | मित्रता बालक्लव | बाँझोगाउँ मावि, चुलाचुली ५ शिखरकटेरी |
| ४ | सिर्जनशील बालक्लव | किराँतेश्वर मावि, चुलाचुली ३ पेल्टिमारी |
| ५ | सूर्योदय नमुना बालक्लव | सूर्योदय आवि, चुलाचुली ३ मंगलसिद्धि |
| ६ | गीताञ्जली बालक्लव | गिताञ्ली आवि, चुलाचुली ६ तोरीबारी |
| ७ | राष्ट्रप्रेमी बालक्लव | राष्ट्रप्रेमी मावि, चुलाचुली ६ फुङ्नाम |
| ८ | शिवज्योती आ.वि. प्रतिभा बालक्व | शिवज्योती आवि, चुलाचुली १ हात्तिलेदा |
| ९ | चुलाचुली इङ्लिस बोर्डिङ स्कुल | चुलाचुली इङ्लिस बोर्डिङ् स्कुल, चुलाचुली ४ |
| १० | पञ्चबुद्ध एकेडेमी सि.वि बालक्लव | पञ्चबुद्ध एकेडेमी, चुलाचुली ४ शान्तिचोक |
| ११ | किराँतचोलुङ हिञ्जा बालक्लव | किराँतचोलुङ आवि, चुलाचुली ४ सनिबारे |

| | | |
|---|---|---|
| १२ | अन्तु बालक्लव | अन्तु एकेडेमी, चुलाचुली ३ पेल्टिमारी |
| १३ | पञ्चकन्या आ.वि सफल बालक्लव | पञ्चकन्या आवि, चुलाचुली २ बाह्रगोठे |
| १४ | समावेशी बालक्लव | जनता मावि, चुलाचुली १ कमल |
| १५ | मिक्लाचोङ मा वि अभियान बालक्लव | मिक्लाचोङ मावि, चुलाचुली ६ दशमी |
| १६ | जनता मा वि हातेमालो बालक्लव | जनता मावि, चुलाचुली २ बाह्रगोठे |
| १७ | सुवासा त्रीवेणी बालक्लव | नारायणज्योती आवि, चुलाचुली ६ रमिते |
| १८ | | |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

तालिका नं २८

बालक्लवल/सञजालको अवस्था

| तह | सञ्जाल/क्लब सङ्ख्या | कुल बालक | कुल बालिका | जम्मा सदस्य |
|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल क्लब | १७ | ७३ | ८९ | १६१ |
| वडास्तरीय बाल सञ्जाल | ६ | २४ | ३४ | ५८ |
| गाउँपालिकास्तरीय बाल सञ्जाल | १ | ७ | ८ | १५ |
| जम्मा | | १०४ | १३१ | २३५ |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

### ३.५.३ गाउँपालिकास्तरमा बालबालिकाको सहभागिताको अवस्था

यस गाउँपालिकामा बालबालिकासँग सम्बन्धित विभिन्न संयन्त्रहरूको प्रवन्ध गरिएको छ । जसमा बालबालिकाको सहभागिताको विषयलाई विभिन्न कानुनी तथा नीतिगत प्रवन्ध गरी सहभागिता सुनिश्चित गरिएको छ। जसको अवस्था निम्नुसार रहेको छ।

तालिका नं २९

पालिका तथा वडा संयन्त्रमा बाल सहभागिताको अवस्था

| संयन्त्र/समिति | बालक प्रतिनिधि | बालिका प्रतिनिधि | जम्मा |
|---|---|---|---|
| गाउँ बाल अधिकार समिति | १ | १ | २ |
| वडा बाल अधिकार समिति | १ | १ | २ |
| बालमैत्री स्थानीय शासन गाउँ समिति | १ | १ | २ |
| विद्यालय व्यवस्थापन समिति | १८ | १८ | ३६ |
| स्वास्थ्य संस्था तथा अस्पताल व्यवस्थापन समिति | १० | १० | २० |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

# परिच्छेद ४
# संस्थागत प्रवन्ध

## ४.१.गाउँपालिकावाट बालबालिकाको विषयमा गरिएका नीतिगत प्रवन्धहरू

चुलाचुली गाउँपालिकावाट विभिन्न समयमा विभिन्न ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू जारी भएका छन । ति ऐन,कानुनहरू कुनै न कुनै रुपवाट बालबालिकासँग सम्बन्धित रहेका छन । यसर्थ यहाँ बालबालिकासँग सम्बन्धित रहेका ऐन कानुनहरूको सूचि प्रस्तुत गरिएको छः

१. बाल संरक्षण नीति २०७५

२. बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसञ्चालन कार्विधि २०७५

३. बालकोष सञ्चालन कार्यविधि २०७८

## ४.२. आ.व.२०८३/८४ को नीति तथा कार्यक्रममा बालबालिकाको विषय

चुलाचुली गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा बालबालिका सम्वन्धी व्यवस्था निम्नानुसार गरेको छः

१. चुलाचुली गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने कार्य अगाडी बढाइनेछ ।
२. बाल क्लव र बाल सञ्जाललाई सशक्त बनाई बालबालिकाहरूको हकहित र अधिकारको संरक्षण र प्रवर्धन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
३. बालविवाह अन्त्यका लागी किशोरी सशक्तिकरण कार्यक्रम प्रभावकारिताका साथ सञ्चालन गरिनेछ ।
४. बालवालिकालाई घरेलु कामदारको रूपमा प्रयोग गर्न वा राख्न बन्देज गरिनेछ ।
५. विद्यालयमा अध्ययनरत तोकिएको कक्षा सम्मका विद्यार्थीहरूलाई केन्द्रीय सरकारको नीति अनुरूपको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. बाबु/आमा नभएका वा असहाय, अति विपन्न बालबालिकाको पढ्न पाउने अधिकार अन्तर्गत विद्यालय भर्ना अभियानमा अविभावकत्व ग्रहण गर्ने नितिलाई निरन्तरता दिइनेछ ।
७. बाल बचत कार्यलाई प्रोत्साहन गर्न स्थानीय तहमा सञ्चालित सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।
८. गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरू मार्फत् प्रत्येक वडाका विद्यालयहरूमा कम्तिमा महिनाको एक पटक स्वास्थ्य शिविर सञ्चालन गरी बालबालिकाहरूको स्वस्थ्य जाँच गरी कुपोषित बालबालिकाहरूलाई अस्पतालमा उपचारका लागि समन्वय गरिनेछ ।
९. बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै सामुदायिक तथा संस्थागत विद्यालय आसपासको क्षेत्रमा स्वास्थ्यलाई हानीकारक खाद्य तथा पेय सामाग्रीहरू (जङ्क फुड, सुर्तीजन्य तथा मदिराजन्य पदार्थ आदि ) को बिक्री वितरणलाई निरुत्साहित गरिनेछ ।

### ४.३.संरचनागत प्रवन्ध

बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका २०७८ अनुसार चुलाचुली गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई पुरा गर्न  बालमैत्री स्थानीय शासनयुक्त चुलाचुली गाउँपालिकाको लक्ष्य निर्धारण गरिएको छ। सोही अनुरुप संस्थागत प्रवन्धका रूपमा निम्नानुसारको व्यवस्था गरिएको छ।

### ४.३.१ बालमैत्री स्थानीय शासन गाउँ समितिको गठन

बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिकाले तोके वमोजिम गाउँपालिका अध्यक्ष श्री राजेन्द्र केरुङज्यूको अध्यक्षतामा गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन गरिएको छ।

तालिका नं ३०

गाउँ बालअधिकार समितिका पदाधिकारीहरू

| नाम थर | ठेगना | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| श्री दिलकुमारी लिम्बु योङ्हाङ | चुलाचुली वडा नं.१ | गा.पा उपाध्यक्ष | ९८४२६२०८२० | गाउँपालिका  उपाध्यक्ष |
| श्री शिखा लिम्बु | चुलाचुली वडा नं.४ | सदस्य | | बाल सञ्जाल अध्यक्ष |
| श्री सन्दिप लिम्बु | चुलाचुली.वडा नं.२ | सदस्य | ९८२४९५३६५९ | बाल सञ्जाल सदस्य |
| श्री ईश्वरा निरौला | चुलाचुली वडा नं.४ | सदस्य | ९८६२७६९५३५ | स्वास्थ्य स्वयंसेविका |
| श्री देबेन्द्र पौड्ल | चुलाचुली वड नं.४ | सदस्य | 9842721866 | गैसस प्रतिनिधि |
| श्री माधबमणी खनाल | चुलाचुली.वडा नं.२ | सदस्य | ९८६३६२२६११ | बालबालिका संरक्षक शिक्षक |
| श्री मिलन रुम्दाली | चुलाचुली वडा नं.३ | सदस्य | ९८४९४९१५२२ | आ ज, पिछडिएको वर्ग प्रतिनिधि |
| श्री सकुन्तला परियार | चुलाचुली वडा नं.१ | सदस्य | | दलित सदस्य |
| श्री बिकास पोख्रेल | प्रहरी चौकी पेल्टीमारी | सदस्य | ९८५२०२८४१९ | प्रहरी चौकी |
| श्री बिध्यानाथ पोख्रेल | चुलाचुली वडा नं.२ | सदस्य | ९८६६७७६६९१ | ओ. पि .डी सदस्य |
| श्री रीता पोख्रेल | फाकफोकथुम १ इलाम | सदस्य सचिब | ९८६२६६२७७२ | सदस्य सचिब |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

### ४.३.२.बालमैत्री स्थानीय शासन गाउँ  समितिः

बालमैत्री स्थानी शासन कार्यक्रमको कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को परिच्छेद ६  दफा १६ ले गरेको व्यवस्था बमोजिम तपसिलका पदाधिकारीहरू रहेको बालमैत्री स्थानीय शासन गाउँ समिति रहेको छ।

तालिका नं ३१

बालमैत्री कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीहरू

| नाम थर | ठेगना | संलग्नता | फोन नं. |
|---|---|---|---|
| राजेन्द्र केरुङ्ग | चुलाचुली -३ | गा.पा.अध्यक्ष | |
| दिल कुमारी लिम्बु (योङ्गहाङ्ग) | चुलाचुली -१ | गा.पा.उपाध्यक्ष | ९८४२६२०८२० |
| डिल्लीराम सुबेदी | | प्रमुख प्रशासकिय | ९८५२६५००११ |
| पूर्ण लावती | चुलाचुली - १ | वडा अध्यक्ष | ९८५२६५२७२७ |
| लक्ष्मण श्रेष्ठ | चुलाचुली - २ | वडा अध्यक्ष | ९७४६२२८०४३ |
| प्रेम कुमार श्रेष्ठ | चुलाचुली - ३ | वडा अध्यक्ष | ९८४९२२३२६५ |
| सागर जवेगु | चुलाचुली -४ | वडा अध्यक्ष | ९८४९०६१६३१ |
| बविन राई | चुलाचुली -५ | वडा अध्यक्ष | ९८४०४७०६२३ |
| दिल कुमार राई | चुलाचुली - ६ | वडा अध्यक्ष | ९८६१७८४२९१ |
| कमला बि.क. | चुलाचुली -५ | कार्यपालिका सदस्य | ९८४६८७०९३६ |
| दिल माया राई | चुलाचुली -४ | कार्यपालिका सदस्य | ९८६३६८१४६० |
| गंगा सुबेदी | चुलाचुली-३ | कार्यपालिका सदस्य | ९८६११६२०३४ |
| पद्मा कुरुङ्फुङ् थुलुङ् | चुलाचुली-२ | कार्यपालिका सदस्य | |
| बिसु कुलुङ्ग | चुलाचुली-१ | कार्यपालिका सदस्य | |
| दुश्यान्त दाहाल | दमक | स्वास्थ्य शाखा प्रमुख | ९८५२६८३९८३ |
| प्रदिप मगर | कमल गा.पा | शिक्षा शाखा प्रमुख | ९८६३७२९७७१ |
| रीता पोख्रेल | दमक | म.बा.तथा स. शाखा | ९८६२६६२७७२ |
| हर्क रुङ्गाङ् राई | चुलाचुली-३ | बि. ब्य.स. | ९८४३१४५९९२ |
| सुमित्रा पोख्रेल | चुलाचुली-४ | महिला शिक्षीका | ९८४२७९०८४५ |
| गीता खत्री (दाहाल) | चुलाचुली-२ | स्वा.ब्य.स. | ९८०७९८५२७६ |
| पबि राई | चुलाचुली-४ | म. स्वा.स्व.सेबिका | ९७४६८७३४८४ |
| सबिना लिम्बु | चुलाचुली-४ | बाल सञ्जाल अध्यक्ष | ९८१८६२७५६४ |
| जोसन गहतराज | चुलाचुली-३ | बाल सञ्जाल सदस्य | ९८१६००३०४३ |
| विनिता गिरी | चुलाचुली -३ | नरेन्द्र गिरी स्मृति प्रतिष्ठान | ९८४२६४९६४४ |
| सिता कुमारी लावती | चुलाचुली -१ | समाजसेवी | ९८२४९८५३९३ |
| देवेन्द्र पौडेल | चुलाचुली – ४ | गैसस प्रतिनिधि | ९८४२७२१८६६ |
| विकास पोख्रेल | चुलाचुली - ३ | प्रहरी चौकी पेल्टिमारी | ९८६१५८७७११ |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

### ४.३.३. बालमैत्री फोकल पर्शन र बाल कल्याण एकाइको व्यवस्था

यस गाउँपालिकाका बालकल्याण अधिकारी श्री रीता पोखरेललाई फोकल पर्शनको रूपमा तोकी महिला बालबालिका शाखालाई बालकल्याण एकाइको रूपमा व्यवस्था गरिएको छ।

### ४.३.४. गाउँपालिकामा सुचिकृत बालमनोविज्ञ र समाजसेवीको विवरण

बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा ६६ ले व्यवस्था गरे वमोजिम यस गाउँपालिकामा निम्नानुसारको बालमनोविज्ञ र समाजसेवी सुचिकृत गरिएको छ।

तालिका नं ३२

बाल मनोविज्ञ तथा समाजसेवीको सूची

| क्र.सं. | नामथर | ठेगाना | मनोविज्ञ/समाजसेवी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मणी कुमार केरुङ | चुलाचुली - ३ इलाम | मनोविज्ञ | |
| २ | स्वस्तिका पोख्रेल | विराटनगर म न पा | मनोविज्ञ | |
| ३ | रोमिला गौतम | इलाम नगरपालिका | समाजसेवी | |

*(स्रोतः महिला बालबालिका तथा समाजकल्याण शाखा)*

### ४.३.५. बालकोषको व्यवस्था

बालबालिका सम्वन्धी ऐन,२०७५ को दफा ६३ ले व्यवस्था गरे वमोजिम यस पालिकामा बालकोषको स्थापना गरि परिचालन गरिएको छ।

तालिका नं ३३

बालकोष सम्वन्धी विवरण

| विवरण | रकम (रु) / लाभान्वित सङ्ख्या |
|---|---|
| बालकोषमा कायम रहेको कुल मौजाद | २०००००।- |
| आ.व. २०८२/८३ मा खर्च/सेवा प्रवाह गरिएको रकम | खर्च नभएको |
| प्रत्यक्ष लाभान्वित बालबालिका सङ्ख्या | ० |

*(स्रोतः आर्थिक प्रशासन शाखा)*

### ४.३.६. बालमैत्री आचार संहिता
### क. अभिभावकहरूले पालना गर्नुपर्ने आचारसंहिता

हामी आफ्ना बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं।

आफ्ना बालबालिकालाई समय तालिका अनुसार पढ्ने, लेख्ने, सुत्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्नेछौं।

हामी आफ्ना बालबालिकालाई नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय पठाउने छौं।

बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बालक्लब एवम् बालबालिका आवद्ध भएको बैठकमा सहभागिता गराउनेछौं।

प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्नेछौं र गर्न लगाउने छौं।

बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्क सँग भन्ने वातावरण सिर्जना गर्नेछौं।

नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरूलाई खुवाउने छौं।

कुनैपनि बालबालिकालाई बालश्रमिकको रूपमा प्रयोग गर्ने गराउने छैनौं।

बालबालिकालाई बालअधिकार र बाल कर्तव्यका कुराहरू सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्नेछौं।

हाम्रा बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरूबाट बचाउनका लागि सदैव चनाखो रहनेछौं।

हाम्रा बालबालिकाको बालविवाह गराउने छैनौं र यस बारेमा हाम्रा बालबालिकालाई समेत सचेत गराउनेछौं।

हाम्रा बालबालिकाको स्वास्थ्यमा ध्यान दिंदै नियमित सरसफाई गराउनेछौं।

हाम्रो बालबालिकाको जन्मदर्ता समयमै गराउनेछौं।

सार्वजनिक स्थानमा निर्माण हुने बाटो, पोखरी, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरू, आदि निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन पहल गर्नेछौं।

विद्यालय तथा पालिकाले आमन्त्रण गरेका बालबालिका सम्बन्धित कार्यक्रमहरूमा अनिवार्य र सकृय उपस्थिती जनाउने छौं।

### ख. बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता

- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग तथा खरिद विक्रीमा संलग्न हुने छैनौं।
- बाल विवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र हुन दिने पनि छैनौं।
- विद्यालयले बनाएको नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने छौं।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय जानेछौं।
- बालक्लबहरूमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव गर्ने छैनौं।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने छौं साथै पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं।
- पोषिलो खानेकुरा खानेछौं साथै अरु बालबालिकालाई पनि खान र अभिभावकलाई दिन प्रेरित गर्नेछौं।

- बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमको बारेमा थाहा पाएसम्मका घटना बारे सम्बन्धित निकायमा जानकारी दिनेछौं ।
- विद्यालय र समुदाय स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जनाई निर्धक्क रूपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्नेछौं ।
- अपरिचित व्यक्तिको ललाई फकाई र प्रलोभनमा फस्ने छैनौं, आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने छौं ।
- शौचालयमा दिसापिसाव गर्नुका साथै साबुन पानीले हातधुने बानी बसाल्नेछौं ।
- जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई सम्बन्धित सेवा लिन भन्ने छौं ।
- विपन्न र अपांगता भएका बालबालिकासँग हातेमालो गर्दै राम्रो व्यवहार गर्नेछौं ।

### ग. विद्यालयले पालना गर्नुपर्ने संस्थागत आचारसंहिता

- बालबालिकालाई लागू पदार्थ तथा लागू पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्नेछौं ।
- बालबालिका माथि गरिने हिंसा, दुव्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्नेछौं र सचेतना फैलाउनेछौं ।
- शिक्षक र विद्यालय व्यस्थापन समितिको नीति-नियम गम्भीरताका साथ पालना गर्नेछौं ।
- बालबालिकालाई अनिवार्य रूपमा विद्यालयको पहुँचमा ल्याउनेछौं तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्ने छौं ।
- बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्ने छौं ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दैकुनै पनि प्रतिकूल व्यवहार गर्ने छैनौं ।
- बालबालिकाका सरोकार राख्ने बिद्यालयका कार्यक्रममा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं ।
- पूर्णखोप र सुरक्षित मातृत्व सम्बन्धी समेत बालवालिकालाई चेतना फैलाउनेछौं ।
- बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गरिने छैन ।
- बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- बिद्यालय र बालबालिकाको सरसफाइसँग विशेष सचेत रहने छौं ।
- बिद्यालय भर्ना हुदाँ अनिवार्य जन्मदर्ता गराउन आग्रह गर्नेछौं ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं ।
- विद्यालय हाताभित्र मद्यपान गरि आउने छैनौं र धुम्रपान गर्ने छैनौं र सचेत गराउने छौं ।
- अपाङ्गता भएका बालबालिकाहरूको विकास र सहभागितामा ध्यान दिनेछौं ।

- विद्यालयमा रहेका बालबालिका कुनैपनि प्रकारको जोखिममा रहेको बारेमा थाहा पाए सम्बन्धित निकायमा जानकारी दिनेछौं।

### घ. विद्यालय व्यवस्थापन समितिको आचारसंहिता

- बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू निर्धारण गरी विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन गर्ने।
- समितिको नियमित बैठक बस्ने र निर्णय कार्यान्वयन गर्ने गराउने।
- नियमित रूपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरूको अनुगमन, निरीक्षण गर्ने साथै प्रधानाध्यापक तथा शिक्षकहरूलाई आवश्यक सुझाव दिने।
- विद्यालयमा आइपरेका समस्याहरू छलफलद्वारा समाधान गर्ने।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने।
- गल्तिको सजाय भौतिक रूपमा नगरी सम्झाएर गर्ने गराउने व्यवस्था गर्ने।
- आवश्यकता अनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरू र बालक्लबसँग अन्तरक्रिया गर्ने।
- विद्यालयको भौतिक समुन्नतिका लागि विशेष पहल गर्ने।
- घरदैलो गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्ने र विद्यालय जानबाट वञ्चित बालबालिकाका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई दाता संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने।
- अभिभावकहरूलाई सचेतना कार्य सञ्चालन गरिनेछ।
- बालक्लब गठन गर्न प्रोत्साहन गर्दै व्यवस्थापन समितिको बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिका सहभागी गराउने।
- मादक तथा लागू पदार्थ खाएर विद्यालयमा प्रवेश नगर्ने र विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू माथि दुर्व्यवहार नगर्ने।
- बेला बेलामा व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त वैठकको व्यवस्था गर्ने।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने र शिक्षक–शिक्षिकालाई तालिममा भाग लिन उत्प्रेरित गर्ने।
- विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिको लागि पहल गर्ने।
- रिक्त दरबन्दीमा दक्ष, अनुभवी तथा उच्च शैक्षिक योग्यता भएका शिक्षक पदस्थापनाका लागि पहल गर्ने।
- विद्यालयमा राजनैतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालय शान्ति क्षेत्रको रूपमा विकसित गराउने।

- विद्यालयको शैक्षिक गतिविधिमा स्तरोन्नतिका लागि अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सल्लाह लिएर कदम चाल्ने।

### ङ. नीजि क्षेत्रको आचारसंहिता

- बालबालिकाहरूलाई सुर्तिजन्य, नसालु र मादक पदार्थजन्य सामग्री विक्री वितरण गर्ने छैनौं।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न गराउने छैनौं।
- बालबालिकामाथी हानी हुने कुनै प्रकारको कार्य गर्ने छैनौं।

### च. राजनैतिक दल तथा गैरसरकारी क्षेत्र

- बालबालिका सम्बन्धी कार्यक्रमहरूमा बालबालिकाको सहभागितालाई महत्त्व दिईनेछ।
- बालबालिकाहरूलाई कुनै प्रकारका र्याली जुलुसहरूमा संलग्न गरिने छैन।
- बालबालिका सम्वन्धी कार्यक्रमहरूलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गर्नेछौं।
- बालबालिकालाई कुनैपनि राजनैतिक गतिविधिमा संलग्न गर्ने छैनौ।

### छ. गाउँपालिकाको संस्थागत आचारसंहिता

- बालबालिकालाई लागुपदार्थ तथा लागु पदार्थजन्य सामाग्री प्रयोगमा निरुत्साहित गर्नेछौं। बालबालिकालाई सूर्तिजन्य, मदिराजन्य तथा लागुपदार्थजन्य सामग्रीबाट टाढा राख्न विशेष नीतिगत व्यवस्था गरी कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं।
- बालबालिका उपर गरिने हिंसा, दुर्व्यवहार तथा शोषण रोक्न व्यवहारिक प्रयोग गर्नेछौं र सो को लागि सचेतना फैलाउनेछौं।
- विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने र अन्यलाई जीवनोपयोगी र व्यावसायिक सीप सिकाइने व्यवस्था गर्नेछौं।
- बालक्लव आवश्यकता र महत्त्वबारे वुझाउने, बालक्लव गठन र परिचालनमा सहयोग गर्ने।
- बालबालिकाको विचार भावनाको कदर गर्दै कुनैपनि प्रतिकुल व्यवहार नगर्ने।
- बालबालिकाको लागि वजेट तर्जुमा गर्दा र प्रत्यक्ष सरोकार राख्ने विषयका योजना निर्माण कार्यान्वयन र मूल्यांकनका चरणहरूमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्नेछौं।
- बाल स्वास्थ्य र सुरक्षित मातृत्व सम्वन्धी जनचेतना फैलाउनेछौं।
- बालश्रम निषेध र नियमित गर्न बनेको ऐन कडाईका साथ कार्यान्वयनमा ल्याउने छौं।
- बालबालिकालाई कुनै पनि प्रकारले विभेद गरिने छैन।
- बाल विवाहलाई पूर्ण रूपमा निषेध गरिनेछ र बाल विवाहलाई सामाजिक बहिष्कार गरिनेछ।

- बालबालिकाको संरक्षणको विषयलाई कार्यान्वयन गर्न बालसंरक्षण नीति तर्जुमा गरि कडाईका साथ कार्यान्वयनमा ल्याउनेछौं ।
- जन्मदर्तालाई शतप्रतिशत बनाउने छौं र यसलाई निरन्तरता दिनेछौं ।
- सरसफाईसँग सम्बन्धित कार्यक्रमहरूलाई प्रभावकारी वनाउनेछौं ।
- बालबालिकासँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपांगमैत्री र लैंगिक मैत्री बनाउनेछौं । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरू जस्तै बाटो, खेल मैदान, पार्क, सार्वजिनक धारा, सामुदायिक भवनहरू, आदि निर्माण गर्दा बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री र बाल सुरक्षाको दृष्टिले सुरक्षित हुनुपर्ने व्यवस्था गर्नेछौं ।

# परिच्छेद ५
# निश्कर्ष

नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रूपमा लिइएको छ। धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ। यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरूसहित बाल अधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास, शिक्षा, स्वास्थ्य, भेदभावविरुद्धको अधिकार, संरक्षण, सहभागिता तथा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका मूलभूत अधिकारहरू सुनिश्चित गरिएका छन्। बालबालिकाप्रति राज्य, संघसंस्था तथा निकाय, परिवार वा संरक्षक एवम् सञ्चार क्षेत्रको दायित्वसमेत स्पष्ट गरिएको छ। यी प्रावधानहरूलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको महत्वपूर्ण कानुनका रूपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाइ तथा बाल संरक्षणसँग सम्बन्धित विविध विषयमा स्थानीय तहको जिम्मेवारी स्पष्ट गरेको छ। यसका अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ तथा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लगायतका कानुनी व्यवस्थाले बाल अधिकार सुनिश्चितताको लागि आवश्यक आधार निर्माण गरेका छन्। नेपाल संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्रका रूपमा बाल अधिकारलाई राष्ट्रिय प्राथमिकतामा राखी निरन्तर कार्य गर्दै आएको छ।

बालबालिकाको क्षेत्रमा विगत तीन दशकमा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ। सन् १९९६ मा प्रति हजार जीवित जन्ममा बाल मृत्युदर ११८ रहेकोमा सन् २०२२ मा ३३ मा झरेको छ। यसैगरी शिशु मृत्युदर ७८ बाट २८ तथा नवजात शिशु मृत्युदर ५० बाट २१ मा झरेको छ। बाल स्वास्थ्य तथा पोषणतर्फ सन् २०२२ मा पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको दर २४.८ प्रतिशत र ख्याउटेपनको दर ७.७ प्रतिशत रहेको देखिन्छ। पछिल्लो UNICEF तथ्याङ्कअनुसार सन् २०२४ मा नेपालमा पाँच वर्षमुनिको बाल मृत्युदर थप घटेर प्रति हजार जीवित जन्ममा २५.१ पुगेको छ भने शिशु मृत्युदर २२ र नवजात शिशु मृत्युदर १५ रहेको छ। शिक्षा तथा बाल संरक्षणका क्षेत्रमा पनि उल्लेखनीय प्रगति भए तापनि सबै बालबालिकाले समान रूपमा अधिकार र अवसर प्राप्त गरिरहेका छन् भन्ने अवस्था अझै बनिसकेको छैन। पछिल्लो नेपाल बहुसूचक सर्वेक्षण २०२४–२५ ले समेत बालबालिकाको अवस्थाका विभिन्न पक्षमा प्रगति भए पनि क्षेत्र, सामाजिक अवस्था तथा परिवारको आर्थिक अवस्थाअनुसार विद्यमान असमानतालाई सम्बोधन गर्न थप केन्द्रित प्रयास आवश्यक रहेको देखाएको छ।

समग्रमा, बाल अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा नेपालले उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि प्रगतिको अर्को चरण सबै बालबालिकासम्म समान रूपमा अधिकारको अनुभूति पुर्‍याउनु रहेको देखिन्छ। यसका लागि बाल संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, सहभागिता तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई अझ प्रभावकारी, समावेशी र परिणाममुखी बनाउँदै स्थानीय तहसम्म यसको प्रत्यक्ष लाभ सुनिश्चित गर्नु आवश्यक देखिन्छ।

चुलाचुली गाउँपालिकाले गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा कार्यान्वयन गर्न आवश्यक सबै प्रकृयाहरूलाई अवलम्वन गरेको छ। बालबालिका सम्वन्धी ऐन,२०७५ ले व्यवस्था गरेको सबै प्रावधानहरूलाई

पुरा गरेको अवस्था रहेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ले बालबालिका सम्वन्धी कार्यविधि निर्माण गर्नुपर्ने व्यवस्थालाई चुलाचुली गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्दन कार्यविधि २०७५ जारी भई लागु भएको अवस्था रहेको छ । बालकोषको व्यवस्था गरी सोको परिचालनका लागि बालकोष सञ्चालन कार्यविधि २०७८ तयार गरि लागू गरिएको छ । त्यसैगरी बालबालिका सम्वन्धी ऐन,२०७५ ले व्यवस्था गरे अनुरुप पालिकास्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समितिहरू गठन भएका छन । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ अनुसार बालकल्याण अधिकारी तोकी बालबालिका शाखा समेतको व्यवस्था भएको छ । त्यसैगरी गाउँपालिका स्तरीय बाल सञ्जाल, वडास्तरीय बालसञ्जाल गठन, विद्यालय तथा समुदायस्तरीय बालक्लवहरूको गठन र गाउँपालिकामा दर्ता गर्ने व्यवस्था गरिएको छ । साथै तिनको परिचालनका लागि वार्षिक रूपमा नियमित बजेट विनियोजन हुने व्यवस्था मिलाइएको छ । बालबालिका सम्वन्धी संयन्त्रहरूमा बालबालिकाको सहभागिता सुनिश्चित गरिएको छ । बाल संरक्षण प्रणाली लागू गरी अभिभावकविहिन बालबालिकाहरूलाई मुख्य प्राथमिकतामा राखी संरक्षणको काम गरिएको छ । एकल एवम् विपन्न अभिभावक भएका दुर्व्यवहारमा परेका बालबालिकाहरूको सुरक्षा तथा संरक्षणलाई विशेष महत्व दिइएको अवस्था छ । समग्रतामा बालबालिकाको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखी कार्य गरिरहेको छ । बालमैत्री गाउँपालिका बनाउन गाउँपालिकाको सबै संयन्त्रहरू व्यवस्थित र परिचालित गरिएको अवस्था छ।

धन्यवाद ।

सन्दर्भ सामग्रीहरू

नेपालको संविधान (२०७२)
बालबालिका सम्बन्धी ऐन, २०७५
अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५
अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
आवासको अधिकार सम्बन्धी ऐन, २०७५
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बालश्रम प्रतिवेदन, २०८२
केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु–सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०२४ -२५
केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८
शिक्षा मन्त्रालयको फ्लेस रिपोर्ट, २०८१
राष्ट्रिय बालअधिकार परिषद् ,नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०८२
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
गाउँपालिकाको डिजिटल पार्श्वचित्र २०८०
राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यक्रम प्रतिवेदन, २०८२
चुलाचुली गाउँपालिकाको नीति तथा कार्यक्रम
चुलाचुली गाउँपालिकाको शिक्षा शाखाको प्रतिवेदन
चुलाचुली गाउँपालिका स्वास्थ्य शाखाको वार्षिक प्रतिवेदन
चुलाचुली गाउँपालिका महिला बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन
अनलाइन घटना दर्ता प्रणाली तथा सामाजिक सुरक्षा सम्बन्धी प्रतिवेदन
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६
चुलाचुली गाउँपालिकाको वस्तुगत विवरण